# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन एवं विकास गर्ने उद्देश्यले वि.सं.२०५१ साल फागुन ६ गते स्थापित यस साहित्य समाजले आफ्नो स्थापनाकालदेखि भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा विविध कार्यक्रम संचालन गर्दै आएको छ । धनगढीको केन्द्रीयतामा सु.प. कै प्रतिनिधी साहित्यिक संस्थाको रूपमा स्थापित यस साहित्य समाजले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका विविध साहित्यिक गतिविधि गर्दै आइरहेको भएतापनि यस संस्थाको बारेमा हालसम्म गहन र विस्तृत अध्ययन नभएकाले यस साहित्य समाजका बारेका गहन एवं विस्तृत अध्ययन अनुसन्धान गर्ने उद्देश्यले यो शोधपत्र तयार पारिएको छ ।

## १.२ शोध समस्या

प्रस्तावित शोधकार्यका समस्या निम्न लिखित रहेका छन् :

(क) सुदूर पश्चिमाञ्चल साहित्य समाजको विकास प्रक्रिया के कस्तो छ ?

(ख) सुदूर पश्चिमाञ्चल साहित्य समाजको स्थापना कुन उद्देश्यका लागि भएको हो ?

(ग) सुदूर पश्चिमाञ्चल साहित्य समाजले स्थापनाकालदेखि हालसम्म के कस्ता कार्यहरू गर्दै आएको छ ?

(घ) सुदूर पश्चिमाञ्चल साहित्य समाजबाट हालसम्म के कस्ता कृतिहरू प्रकाशित भएका छन् ?

(ङ) नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

(क) सु.प.सा.स.को प्रारम्भ र विकास प्रक्रियाका बारेमा जानकारी हासिल गर्नु ।

(ख) सु.प.सा.स.को स्थापना कुन उद्देश्यका लागि भएको हो ? यसवारे अध्ययन गर्नु ।

(ग) सु.प.सा.स.ले स्थापनाकालदेखि हालसम्म गरेका मुख्य मुख्य कार्यहरूको विवेचना गर्नु ।

(घ) सुदूर पश्चिमाञ्चल साहित्य समाजबाट प्रकाशित कृतिहरूको विवरण तयार गर्नु र उक्त कृतिहरूको मूल्याङ्कन गर्नु ।

(ङ) नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजले गरेको योगदानको विश्लेषण गर्नु ।

## १.४ पूर्व कार्यको समिक्षा

सु.प. साहित्य समाजले भाषा, कला साहित्य र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले क्षेत्रीय स्तरमा धेरै कार्यहरू गरेको भएपनि नेपाली साहित्यमा सु.प. साहित्य समाजले पु¥याएको योगदानका बारेमा विस्तृत अध्ययन हालसम्म हुन सकेको छैन । केही पत्रपत्रिका र व्यक्तिले यस सु.प साहित्य समाजका बारेमा छुटफुट टिकाटिप्पणी गरेको पाइन्छ । नेपाली साहित्यमा सु.प. साहित्य समाजले गरेको योगदानका बारेमा प्रकाशित केही पूर्वकार्यहरू यस प्रकार छन् :–

- सुदुर पश्चिमाञ्चल साहित्य समाजद्धारा प्रकाशित **देवकान्त पन्त स्मृतिग्रन्थ** (२०५९)मा साहित्यकार देवकान्त पन्तका बारेमा चर्चा गरिएको छ ।

- सु.प. साहित्य समाजद्वारा प्रकाशित **नृपबहादुर स्वाँर स्मृतिग्रन्थ** (२०६४)मा साहित्यकार नृपबहादुर स्वाँरको साहित्यिक र अन्य पक्षहरूमा प्रकाश पारिएको छ ।

- सु.प.साहित्य समाजद्धारा प्रकाशित **साहित्यकार परिचय कोष** (२०६०)मा यस क्षेत्रका साहित्यकारहरूको परिचय प्रस्तुत गरिएको छ ।

- लेखराज ओझाले **नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान** (२०६५) अप्रकाशित शोधपत्रमा सु.प. साहित्य समाजको साहित्यिक योगदानका बारेमा चर्चा गरेका छन् ।

- माधव 'वियोगी'ले **युगपुकार** (वर्ष २, अङ्क ५, २०५७) पत्रिकामा सु.प.का साहित्यिक गतिविधि धनगढीको केन्द्रीयतामा शीर्षकको लेख प्रकाशित गरी सु.प.साहित्य समाजका साहित्यिक गतिविधिका बारेमा प्रकाश पारेका छन ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

सुदूरपश्चिमाञ्चल साहित्यिक फाँटमा सुदूर पश्चिमाचल साहित्य समाजले साहित्य सम्बन्धि विविध क्रियाकलापहरू सम्पन्न गरी ठूलो योगदान पुऱ्याउँदै आएको छ । त्रिभुवन विश्वविद्यालय अर्न्तगत नेपाली विषयको स्नातकोत्तर तहमा यस संस्थाका बारेमा विस्तृत विवेचनात्मक अध्ययन गर्न समय सापेक्ष हुँदा यसको महत्त्व अझ बढी हुन जान्छ । यस संस्थाका बारेमा विस्तृत अध्ययन गर्नु र भविष्यका अनुसन्धान कर्ताहरूलाई सहयोग पुर्‍याउनु यसको महत्त्व रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यिक क्षेत्रमा सुदूर पश्चिमाञ्चल साहित्य समाजले गरेका विविध साहित्यिक क्रियाकलापको जानकारी दिदै यसको मूल्याङ्कन गरेर यस संस्थाको प्रारम्भ र विकास प्रक्रिया, हालसम्म गरेका मुख्य मुख्य कार्यहरू, यस संस्थाले साहित्यिक क्षेत्रमा गरेको योगदानमा यो शोधपत्र सीमित रहनेछ ।

## १.७ सामग्री सङ्कलन विधि

सामग्री सङ्कलन विधिका रूपमा यस संस्थाबाट प्रकाशित मुखपत्र 'सुरभि' विभिन्न ठाउँमा गरिएका साहित्यिक क्रियाकलापहरूलाई समेटिनेछ, त्यस्तै पुस्तकालय पद्धति र साहित्य समाजसँग सम्बन्धित विभिन्न व्यक्तिहरूसँग छलफल र उनीहरूसँग गरिएको वार्तालाई अन्तिम रूप दिइने छ ।

## १.८ शोध विधिः

प्रस्तुत् शोधपत्रको शोधविधि विश्लेषणात्मक, वर्णनात्मक, विवरणात्मक पद्धतिबाट गरिने छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा ६ परिच्छेदमा विभाजन गरिएको छ ।

**पहिलो परिच्छेद :**

शोध परिचय

**दोस्रो परिच्छेद :**

सुदूर पश्चिमाञ्चल साहित्य समाजको स्थापना, परिचय र विकास प्रक्रिया रहेको छ ।

**तेस्रो परिच्छेद :**

स्थापनाकालदेखि हालसम्म सुदूर पश्चिमाञ्चल साहित्य समाजले गरेको महत्त्वपूर्ण साहित्यिक क्रियाकलापहरू रहेका छन् ।

**चौथो परिच्छेद :**

सुदूर पश्चिमाञ्चल साहित्य समाजबाट प्रकाशित कृतिहरूको संक्षिप्त अध्ययन रहेको छ ।

**पाँचौं परिच्छेद :**

नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान रहेको छ ।

**छैटौं परिच्छेद :**

उपसंहार :

शोधपत्रको अन्तमा सन्दर्भ ग्रन्थसूची र परिशिष्ट दिइएको छ ।

# दोस्रो परिच्छेद

# सु.प. साहित्य समाजको स्थापना, परिचय र विकास प्रक्रिया

## २.१ संस्थाको स्थापना र परिचय

सु.प.साहित्य समाजको स्थापना २०५१ साल माघ १९ गते जि.प्र.का. कैलालीमा दर्ता गरी सहीद सप्ताहको अवसरमा भएको थियो । यस सु.प.सा.स.ले स्थापनाकालदेखि नै विविध किसिमका साहित्यिक क्रियाकलापहरू संचालन गर्दै आएको छ ।

राष्ट्रको केन्द्रीयतामा राष्ट्रभाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा सुदूर पश्चिमाञ्चलको योगदानलाई उल्लेखनीय बनाउन सु.प.को भाषिक, साहित्यिक, कलात्मक र सांस्कृतिक गतिविधिहरूलाई जीवन्त बनाउन र सु.प.का कतिपय मौलिकताहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा फिजाउन आवश्यक भएको सन्र्दभमा यस्ता कार्यहरूका लागि अझै पनि सु.प.मा साहित्यिक संस्थाको अभाव भएकोले सु.प. साहित्य समाज नामक संस्थाको स्थापना कैलाली जिल्लाको धनगढीमा भएको हो ।[1]

वि.सं.२०५१ साल फागुन ६ गते साहित्यकार देवकान्त पन्तले सु.प.सा.स.को उद्घाटन एक समारोहका बीच गर्नु भएको थियो ।

यसको प्रथम समारोह सा.स.का तत्कालिन अध्यक्ष यज्ञराज जोशीको सभापतित्वमा भएको थियो । सो समारोहमा सु.प.सा.स.का कोषाध्यक्ष कमलापति जोशीले स्वागत भाषण गर्नु भएको थियो । साहित्य समाजका सचिव गुणाकर भट्टले संचालन गर्नु भएको सो समारोहमा महाकाली साहित्य संगमका बद्री शर्मा, वासुदेव भट्ट लगायतका वक्ताहरूले मन्तव्य व्यक्त गर्नु भएको थियो । तमामौं कवि तथा कवियत्रिहरूले कविता वाचन गर्नु भएको सो उद्घाटन समारोह अत्यन्त आर्कषक वातावरणमा सम्पन्न भएको थियो ।[2]

---

[1] सुदूर पश्चिमाञ्चल साहित्य समाज,विधान,२०५१ संशोधन (२०५६)

[2] सुदूर पश्चिमाञ्चल साहित्य समाज सुरभि, धनगढी, वर्ष १,अङ्क १ २०५२ पृष्ठ ९७

सु.प. साहित्य समाजको प्रारम्भिक साहित्यिक सभा २०५२ वैशाख २ गते जि.वि.स कैलालीको सभाकक्षमा सम्पन्न भएको थियो । सभा सु.प.साहित्य समाजका संस्थापक अध्यक्ष यज्ञराज जोशीको सभापतित्वमा प्रारम्भ भएको थियो भने सभाको समापन नव निर्वाचित अध्यक्ष दिनानाथ भट्टले गर्नु भएको थियो । त्यस सभाले दुई वर्षका लागि सु.प.सा.स.का पदाधिकारीहरूको चयन गरेको थियो ।[३]

वि.सं.२०५१ फागुन ६ गते विधिवत उद्घाटन भएको सु.प.सा.स.ले त्यस पश्चात आफ्ना वार्षिक कार्य योजना तय गरी विविध साहित्यिक गतिविधिहरू संचालन गर्दै आएको छ ।

## २.२ सु.प.सा.स.को कार्यालय र कार्यक्षेत्र

सु.प.सा.स.को केन्द्रिय कार्यालय कैलाली जिल्लाको धनगढीमा अवस्थित छ । कैलाली जनपुस्तकालय धनगढीले आफ्नो भवनबाट २ वटा कोठा सु.प.साहित्य समाजलाई उपलब्ध गराएको छ । हाल यस संस्थाको आफ्नै भवन निर्माणधीन अवस्थामा रहेको छ ।

सु.प.साहित्य समाज धनगढीले सु.प.का नौ वटै जिल्लाहरूमा सु.प.साहित्य समाजको सम्पर्क कार्यालय खोल्ने योजना भएपनि विविध कारणवश दुईवटा जिल्ला बैतडी र डोटीमा मात्र शाखा विस्तार भएको छ ।

सु.प.साहित्य समाजको कार्यक्षेत्रका रूपमा कवि गोष्ठी, गजल प्रतियोगिता आदि कार्यक्रम गरी साहित्यकारहरूको जन्मजयन्ती धुमधामकासाथ मनाउनु, राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलन गर्नु, मुखपत्र प्रकाशन गर्नु, विविध साहित्यकारका कृतिहरू प्रकाशन गर्नु आदि रहेको छ ।

## २.३ संगठनात्मक स्वरूप

२०५१ फागुन ६ गते विधिवत रूपमा उद्घाटन भएको सु.प.सा.स.को संगठनात्मक स्वरूप यस प्रकार रहेको छ :–

---

[३] ऐजन ।

| | | |
|---|---|---|
| अध्यक्ष | – | १ |
| उपाध्यक्ष | – | १ |
| सचिव | – | १ |
| सहसचिव | – | १ |
| कोषाध्यक्ष | – | १ |
| सदस्य संख्या | | ४–८ जना सम्म |

सु.प.सा.स.का पदाधिकारीहरूको संख्या ९–१३ जनासम्मको रहने व्यवस्था गरिएको छ । संस्थालाई सहयोग गर्ने प्रतिष्ठित व्यक्तित्वहरूबाट बढीमा ७ जनाको सल्लाहकार समिति कार्य समितिको सिफारिसमा साधारण सभाले गठन गर्न सक्ने व्यवस्था रहेको छ । १८ बर्ष उमेर पुगेका नेपाली नागरिक, भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा रुचि भै विधानपालना गरी संस्थामा योगदान दिन प्रतिबद्ध, असामाजिक तथा विध्वसांत्मक गतिविधिमा लागेको प्रमाणित नभएको , मानसिक चारित्रिक रूपका स्वस्थ्य भएको व्यक्ति मात्र सु.प.सा.स.को सदस्य बन्न सक्ने व्यवस्था रहेको छ । साधारण सदस्य, आजीवन सदस्य, संस्थाका प्रतिनिधि सदस्यहरू समेत सर्म्पूण सदस्यहरूबाट एक साधारण सभाको गठन हुने व्यवस्था रहेको छ । साधारण सभा बर्षको एक पटक अनिवार्य रूपमा बस्ने र आवश्यकता अनुसार अरू बेला पनि बस्न सक्ने व्यवस्था रहेको छ । कार्य समितिको पदावधि २ बर्षको रहने व्यवस्था छ । समयावधि पुरा भएपछि अर्को कार्य समिति गठनका लागि निर्वाचन गरी कार्य समिति गठन गर्ने व्यवस्था रहेको छ ।[४]

## २.४ विकास प्रक्रिया

वि.सं. २०५१ साल माघ ९ गते साहित्यकार भेला गरी एउटा तदर्थ समिति गठन गरिएको पाइन्छ । सो तदर्थ समितिका पदाधिकारीहरू निम्न प्रकार रहेका छन् :–

| पद | नाम |
|---|---|
| अध्यक्ष | यज्ञराज जोशी 'यात्री' |

[४] सुदूर पश्चिमाञ्चल साहित्य समाज, विधान, २०५१ (शंसोधन २०५६) ।

| | |
|---|---|
| उपाध्यक्ष | वासुदेव पाण्डेय |
| सचिव | गुणाकर भट्ट |
| सहसचिव | मेघनाथ खनाल |
| कोषाध्यक्ष | कमलापति जोशी |
| सदस्य | पद्मकान्त जोशी |
| सदस्य | जीवनाथ जैशी |
| सदस्य | अग्र ब. विष्ट |
| सदस्य | मनिराज जोशी ।[५] |

२०५२ वैशाख २ गते जि.वि.सं.भवन कैलालीको सभाकक्षमा सु.प.सा.स.को प्रथम निर्वाचन भएको थियो । सो निर्वाचनबाट निर्वाचित पदाधिकारीहरू यस प्रकार रहेका छन् :-

| | |
|---|---|
| अध्यक्ष | दीनानाथ भट्ट |
| उपाध्यक्ष | नवराज ओझा |
| सचिव | गुणाकर भट्ट |
| सहसचिव | कमलापति जोशी |
| कोषाध्यक्ष | वासुदेव पाण्डेय |
| सदस्य | यज्ञराज जोशी 'यात्री' |
| सदस्य | बद्री शर्मा विनाडी |
| सदस्य | पद्मकान्त जोशी |
| सदस्य | डिल्लीराज फुलारा |
| सदस्य | श्रीमती जानकी जोशी |
| सदस्य | प्रेमराज भण्डारी |

**सल्लाहकारहरू**

श्री देवकान्त पन्त

श्री हेमराज पन्त

[५] सुदूर पश्चिमाञ्चल साहित्य समाज, सुरभि, धनगढी, (बर्ष ९, अङ्क ८, २०६१) ।

श्री वासुदेव भट्ट ।[६]

स.प.सा.स.को द्वितीय निर्वाचन २०५५ चैत्र २० गतेका दिन भएको थियो । त्यस निर्वाचनबाट ११ सदस्यीय कार्य समितिको गठन गरिएको थियो । जुन यस प्रकार रहेको छ:-

| | |
|---|---|
| अध्यक्ष | यज्ञराज यात्री |
| उपाध्यक्ष | वासुदेव पाण्डेय |
| सचिव | पदमराज जोशी (प्रभात) |
| सहसचिव | टी. एन. जोशी |
| कोषाध्यक्ष | श्रीमती उदया ओझा |
| सदस्य | दीनानाथ भट्ट |
| सदस्य | श्रीमती जानकी जोशी |
| सदस्य | श्रेष्ठ प्रिया 'पत्थर' |
| सदस्य | भालचन्द्र भण्डारी |
| सदस्य | राम ब. बोगटी |

**सल्लाहकार समिति**

लोकेन्द्र ब. चन्द

देवराज आचार्य

डा.देवी प्रसाद ओझा

भाउपन्थी

दीनानाथ भट्ट

नवराज ओझा

बमबहादुर कठायत ।[७]

---

[६] ऐजन

[७] ऐजन ।

सु.प.सा.स.को तृतीय निर्वाचन २०५८ वैशाख २० गते सम्पन्न भएको थियो । त्यस निर्वाचनबाट निर्वाचित १३ सदस्यीय कार्य समितिको नामावली यस प्रकार छ :–

| | |
|---|---|
| अध्यक्ष | पदमराज जोशी (प्रभात) |
| उपाध्यक्ष | भालचन्द्र भण्डारी |
| सचिव | टी.एन. जोशी |
| सहसचिव | नरेन्द्र भट्ट |
| कोषाध्यक्ष | कृष्ण ब. श्रेष्ठ |
| सदस्य | वासुदेव पाण्डेय |
| सदस्य | डिल्लीराज फुलारा |
| सदस्य | उदया ओझा |
| सदस्य | रामलाल जोशी |
| सदस्य | हरिलाल गिरी |
| सदस्य | कृष्ण पनेरु |
| सदस्य | मदन पल्याल |
| सदस्य | महादेव जोशी |

**सल्लाहकार समिति**

लोकेन्द्र ब. चन्द

देवराज आचार्य

देवी प्र. ओझा

भाउपन्थी

दीनानाथ भट्ट

यज्ञराज यात्री

नवराज ओझा ।[८]

सु.प.सा.स.को चतुर्थ निर्वाचन वि.सं. २०६० आषाढ ७ गते सम्पन्न भएको थियो । त्यस निर्वाचनबाट १३ सदस्यीय कार्य समिति गठन भएको थियो । जुन यस प्रकार छन् :–

---

[८] ऐजन ।

| | |
|---|---|
| अध्यक्ष | पदमराज जोशी (प्रभात) |
| उपाध्यक्ष | भालचन्द्र भण्डारी |
| सचिव | टी.एन.जोशी |
| सह सचिव | पुष्करराज भट्ट |
| कोषाध्यक्ष | भरतराज जोशी |
| सदस्य | ज्योति प्रकाश जोशी |
| सदस्य | महादेव जोशी |
| सदस्य | हरिलाल गिरी |
| सदस्य | मदनराज भट्ट |
| सदस्य | डिल्लीराज फुलारा |
| सदस्य | रामलाल जोशी |
| सदस्य | पुष्पराज पाण्डेय |
| सदस्य | श्रेष्ठ प्रिया 'पत्थर' |

**सल्लाहकार समिति**

लोकेन्द्र ब. चन्द

डा. देवीप्रसाद ओभा

हेमराज पन्त

यज्ञराज यात्री

नृप ब. स्वाँर

दीनानाथ भट्ट

मनिराज जोशी ।[९]

सु.प.सा.स.को पाचौं निर्वाचन वि.सं. २०६४ मंसिर ६ गते सम्पन्न भएको थियो । त्यस निर्वाचनबाट ९ सदस्यीय कार्य समिति गठन भएको थियो । ती पदाधिकारीहरूको नामावली यस प्रकार छ :-

| | |
|---|---|
| अध्यक्ष | वासुदेव पाण्डेय |
| उपाध्यक्ष | रामलाल जोशी |

[९] ऐजन, पृ. ११७ ।

| | |
|---|---|
| सचिव | पुष्कर भट्ट |
| सहसचिव | लक्की चौधरी |
| कोषाध्यक्ष | हरिकृष्ण कठायत |
| सदस्य | मेघनाथ खनाल |
| सदस्य | कृष्ण सिहं पेला |
| सदस्य | हेमन्ती जोशी |
| सदस्य | रामनाथ अधिकारी |

**सल्लाहकार समिति**

दीनानाथ भट्ट

पदमराज जोशी

यज्ञराज जोशी (यात्री)

श्रेष्ठ प्रिया 'पत्थर'

प्रा.डा. जयराज अवस्थी

भालचन्द्र भण्डारी ।[१०]

भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण सम्बर्द्धन एवं विकास गर्ने उद्देश्यले २०५१ मा स्थापित सु.प.सा.स.को वर्तमान समयसम्म पाँचवटा निर्वाचन सम्पन्न भएको छ ।

## २.५ सु.प.सा.स. स्थापनाका उद्देश्यहरू

सु.प. विकास क्षेत्र परापूर्वकालदेखि चलिआएको कला, संस्कृति र लोक संस्कृतिको अनुपम भण्डार मानिदै आएको छ । यस क्षेत्रमा रहेका अमूल्य निधिहरूको संरक्षण, सम्बर्द्धन र सोधखोज गर्दै जाने, यस क्षेत्रको सांस्कृतिक धरोहर, लोक संस्कृति, लोकसाहित्य, लोककथा, लोककलालाई समेत राष्ट्रको मूलधारमा परिचित गर्दै जाने लक्ष्य लिई यस साहित्य समाजको स्थापना गरिएको हो ।[११]

सु.प.सा.स.स्थापनाका निम्न उद्देश्यहरू रहेका छन् :–

---

[१०] ऐजन ।

[११] सु.प.सा.स. सुरभी, धनगढी, वर्ष १, अङ्क ५, पृ. ११४ ।

(क) भाषा, साहित्य, कला र संस्कृतिका विभिन्न पक्षहरूको अभ्युत्थानका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्ने ।

(ख) भाषा, साहित्य, कला र संस्कृतिको राष्ट्रिय परिवेशमा सुदूर पश्चिमाञ्चलका तत् सम्वन्धका विविध पक्षहरूको परिचय दिने खालका कार्यक्रमहरू संचालन गर्ने ।

(ग) भाषा, साहित्य, कला र संस्कृतिका विभिन्न सनातनहरूलाई निरन्तरता दिने, परिष्कार गर्ने ।

(घ) सुदूर पश्चिमाञ्चलका साविक, सर्जकहरूलाई एकता र विशिष्ट योगदानका निम्ति संस्थागत छहारी प्रदान गर्ने ।

(ङ) साहित्य समाजलाई भाषिक,साहित्यिक,कलागत र सांस्कृतिक अभिलेखालयका रूपमा विकसित गर्ने ।

(च) समकालिन साहित्यिक गतिविधिहरू विभिन्न माध्यमहरूबाट संचालन गरी साहित्यिक वातावरण सिर्जना गर्ने ।

(छ) भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रका स्रष्टा र साधकहरूलाई उत्प्रेरित र कदर गर्दै अभिनन्दन तथा पुरस्कृत गर्ने ।

(ज) भाषिक, साहित्यिक, कलागत र सांस्कृतिक स्तरीयतामा बृद्धि गर्न स्तरीय र शिष्ट रचना गर्ने स्रष्टाहरूलाई प्रेरित गर्ने ।

(झ) साहित्यिक प्रकाशन तथा साहित्यिक पत्रकारिताको निम्ति विकासका आवश्यक कार्यहरू गर्ने ।

(ञ) समान उद्देश्य भएका अन्य साहित्यिक संघ संस्थाहरूसंग सम्पर्क समन्वय गरी साहित्यिक गतिविधि बढाउने खालका कार्यक्रमहरू संचालन गर्ने ।

(ट) भाषिक, साहित्यिक, कलागत र सांस्कृतिक स्मारकहरू स्थापना गर्ने, संरक्षण गर्ने ।

(ठ) नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय स्तरमा विकसित गर्न राष्ट्रभाषा नेपालीमा स्तरिय साहित्यिक रचना गर्न गराउन आवश्यक कार्यक्रम गर्ने ।

(ड) भाषा, साहित्य, कला र संस्कृतिको सम्बर्द्धनका लागि आवश्यक कार्यहरू गर्ने ।[१२]

---

[१२] सु.प.सा.स. विधान, २०५१, संशोधन, २०५६ ।

उपयुक्त उद्देश्यहरू बोकेको सु.प.सा.स ले विभिन्न बाधा अवरोधका बीच पनि आफ्नो १५ बर्षे यात्रा पुरा गरिसकेको छ । यस अवधिमा सु.प.सा.स.ले भाषिक, साहित्यिक, कलागत र सांस्कृतिक कार्यक्रम गर्दै आएको छ ।

## २.६ सु.प.साहित्य समाजको आर्थिक अवस्था

सु.प.साहित्य समाजले भाषा, साहित्य,कला र संस्कृतिका क्षेत्रका स्रष्टा र साधकहरूलाई उत्प्रेरित र कदर गर्दै अभिनन्दन तथा पुरस्कृत गर्दै आएको छ । स्थापनाकालदेखि नै साहित्यिक गतिविधिहरू संचालन गर्दै आएको छ । सु.प. साहित्य समाजको आयस्रोतका रूपमा विभिन्न दातृ संस्थाहरू , व्यक्तिहरू, संघसंस्थाहरूले दिएको चन्दा सहयोग, आजीवन सदस्यता, साधारण सदस्यता आदि वापत प्राप्त रकम नै मुख्य स्रोतका रूपमा रहेको छ ।

## २.७ निष्कर्ष

सु.प. साहित्य समाजको स्थापना वि.सं. २०५१ फागुन ६ गते भएको थियो । सा.स. को प्रारम्भिक साहित्यक सभा २०५२ वैशाख २ गते भएको थियो । सु.प.सा.स. को केन्द्रीय कार्यालय कैलाली जिल्लाको धनगढीमा अवस्थित रहेको छ । स्थापनाकालदेखि सा.स. ले कविगोष्ठी, गजल प्रतियोगिता आदि कार्यकमहरू गरी साहित्यकारहरूको जन्मजयन्ती धुमधामका साथ मनाउने, राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलन गर्ने, मुखपत्र प्रकाशन गर्ने, विविध साहित्यकारहरूको कृति प्रकाशन गर्ने कार्य गर्दै आएको छ । सा.स. का पदाधिकारीहरूको संस्था ९-१३ जनासम्मको रहने व्यवस्था गरिएको छ भने पदाधिकारीहरूको पदावधि २ वर्षको रहने व्यवस्था छ । भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवं विकास गर्ने उद्देश्यले स्थापित यस सा.स. का वर्तमान समयसम्म पाँचवटा निर्वाचन सम्पन्न भएको छ । सु.प. सा.स. ले भाषिक, साहित्यिक, कलागत र सांस्कृतिक कार्यकम गर्दै आएको छ ।

# तेस्रो परिच्छेद

# सु.प.सा.स.का महत्त्वपूर्ण साहित्यिक क्रियाकलापहरू

सु.प.साहित्य समाजले स्थापनाकालदेखि विविध साहित्यिक क्रियाकलाप गर्दै आएको छ । सु.प.साहित्य समाज समग्र स्रष्टादेखि भाषा, कला, संस्कृति र साहित्यिक क्षेत्रमा संलग्न व्यक्तिहरूको साझा मञ्च भएकाले त्यस क्षेत्रको विकास र बिस्तारका लागि विविध साहित्यिक कार्यहरू गर्नु यसको मुख्य उदेश्य रहेको छ । यस साहित्य समाजको महत्त्वपूर्ण साहित्यिक क्रियाकलापहरू निम्नानुसार रहेको छ :–

तल उल्लेख गरिएका क्रियाकलापहरूलाई साहित्य समाजको मुखपत्र सुरभि, बैठक पुस्तिका एवं सु.प.साहित्य समाजसंग सम्बन्धित पदाधिकारीहरूसंग छलफल गरी लिइएको छ ।

## ३.१ २०५१ सालका साहित्यिक क्रियाकलापहरू

२०५१ साल फागुन ६ गते सु.प.साहित्य समाजको स्थापना भएको हो । सोही स्थापनाका अवसरमा र राष्ट्रिय प्रजातन्त्र दिवसको संयुक्त अवसर पारेर सु.प. साहित्य समाजले 'सुदूर पश्चिमाञ्चलको लोक संस्कृति र साहित्य एक विवेचना' विषयक प्रवचन गोष्ठी सम्पन्न गरेको थियो । सोही कार्यक्रम भव्यताका साथ सम्पन्न गर्ने योजना अनुसार सु.प. साहित्य समाजको आयोजनामा बृहत कवि गोष्ठी सम्पन्न गरेको थियो ।

## ३.२ २०५२ सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते १८२ औं भानुजयन्ती बिहान प्रभातफेरी र दिऊँसो भानुभक्तलाई श्रद्वाञ्जली अर्पण गरी कवि गोष्ठी सम्पन्न गरिएको थियो । सोही अवसरमा 'भानुभक्तको जीवनी र योगदान' बिषयक विचार गोष्ठी आयोजना गरि वृहत रूपमा भानुजयन्ती मनाई कार्यक्रम सम्पन्न गरिएको थियो ।

असोज १ गते सु.प. क्षेत्रका आदरणीय साहित्यकार पहलमान सिहं स्वाँरको ११८ औं जन्मजयन्तीमा बिहान प्रभात फेरी गरी स्वर्गीय स्वाँरप्रति श्रद्वाञ्जली अर्पण गरिएको थियो भने सोही अवसरमा दिऊसो बृहत कवि गोष्ठी सम्पन्न गरिएको थियो ।

## ३.३ २०५३ सालका साहित्यिक क्रियाकलापहरू

भाद्र २४ गते ८२ औं वि.पी. जयन्ती , भाद्र २७ गते १३१ औं मोती जयन्ती, मंसिर २६ गते ८८ औं देवकोटा जयन्ती, मंसिर ७ गते ११९ औ पहलमान जयन्तीमा विविध साहित्यिक र सांस्कृत्तिक कार्यक्रमसहित श्रद्वाञ्जली अर्पण गरि सम्पन्न गरिएको थियो । वि.पी.जयन्ती कैलाली जनपुस्तकालय धनगढी र सु.प.साहित्य समाज धनगढीको संयुक्त आयोजनामा गरिएका थिए भने अरू कार्यक्रमहरू सु.प. साहित्य समाजले मात्र आयोजना गरेको थियो ।

माघ १२ गते शहीद दिवसको अवसरमा सु.प. साहित्य समाजले धनगढी नगरका कर्मचारी एवं मा.वि.का शिक्षकहरूको सामूहिक हाजिरी जवाफ प्रतियोगिता गरी सम्पन्न गरिएको थियो ।

## ३.४ २०५४ सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते वरिष्ठ साहित्यकार माधव वियोगीको संयोजकत्वमा १८४ औं भानु जयन्ती वृहत रूपमा सम्पन्न गरिएको थियो । सोही अवसरमा कविता प्रतियोगिता र सु.प.क्षेत्रका विशिष्ट साहित्यकारहरूलाई अभिनन्दन गरिएको थियो ।

## ३.५ २०५५ सालका साहित्यिक क्रियाकलापहरू

चैत्र २१ र २२ गते क्षेत्रीय कवि गोष्ठी सम्पन्न गरिएको थियो । सो कार्यक्रममा ने.रा.प्र.प्र.का सम्मानित उपकुलपति श्री मदनमणि दिक्षित, प्राज्ञ नरेन्द्रराज शर्मा, वरिष्ठ गजलकार श्री ज्ञानुवाकर पौडेल, अतिथि हुनुहुन्थ्यो । सोही कार्यक्रममा "सु.प.क्षेत्रमा विद्यमान संस्कृति एवं साहित्यको संरक्षण सर्म्वद्धनमा ने.रा.प्र.प्र.को दायित्व र भूमिका" शीर्षकमा विचार गोष्ठी सम्पन्न गरिएको थियो । सोही विचार गोष्ठीमा आमन्त्रित

अतिथिहरूबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । सो कार्यपत्रका बारेमा टिप्पणी, निचोड एवं छलफल गरिएको थियो ।

सु.प.सा.स.ले २०५५ बाट 'प्रतिभा श्री सम्मान' नामक पुरस्कार वितरण गर्दै आएको छ । यो सम्मान हरेक बर्ष कुनै समारोह वा जन्म जयन्तीको अवसर पारेर सु.प. क्षेत्रका एकजना साहित्यकारलाई साहित्यमा योगदान पुऱ्याए वापत प्रदान गरिन्छ ।

२०५५मा 'प्रतिभा श्री सम्मान' कवि श्री पूर्णानन्द भट्टलाई प्रदान गरिएको थियो । यस पुरस्कारको राशी नगद रु ५०१ (पाँच सय एक) र सम्मान पत्र एवं दोसल्ला रहेको छ ।

## ३.६ २०५६ सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते भानुभक्त आर्चायको १८६ औ जन्मजयन्तीमा अभिनन्दन कार्यक्रम र कवि गोष्ठी भाद्र २४ गते युवाकवि मोतीराम भट्टको १३९औ जन्म जयन्तीमा गजल प्रतियोगिता, मंसिर ६ गते पहलमान सिंह स्वाँर र युवा साहित्यकार एन.डी. प्रकाश चटौतको जन्म जयन्ती संयुक्त रूपमा भव्यताका साथ सम्पन्न गरिएको थियो । पुष २६ मा कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मजयन्तीमा कवि गोष्ठीको आयोजना गरिएको थियो ।

माघ २९ देखि नेपाल बाल साहित्य समाज काठमाण्डौंको १२ औं राष्ट्रिय सम्मेलन तथा बाल साहित्य भेला सु.प.सा.स.को आयोजनामा धनगढीमा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रम प्रतियोगितात्मक बाल कवि गोष्ठी, विचार गोष्ठी सहित विविध कार्यक्रमका साथ तीन दिन चलेको थियो । उक्त अवसरमा साहित्यकार लोकेन्द्र ब.चन्द, बेलु लोककाव्यका लेखक साहित्यकार भक्त ब.बलायर,लोकगायक नन्दकृष्ण जोशीलाई अभिनन्दन गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०५६) भानुजयन्तीका अवसरमा श्री मनिराज जोशीलाई प्रदान गरिएको थियो ।

सु.प.सा.स.द्वारा २०५६ सालबाट 'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' को स्थापना गरिएको छ । यस साहित्य समाजद्वारा स्थापित 'सुदूरपश्चिमाञ्चल साहित्य पुरस्कार' नेपाली

इतिहासमा सु.प.का तर्फबाट साहित्यिक क्षेत्रमा प्रदान गरिने क्षेत्रीय स्तरको प्रथम पुरस्कार हो । यस पुरस्कारको राशी रु १०,००१ (दश हजार एक) रहेको छ ।

यसका साथै दोसल्ला र सम्मान पत्र पनि प्रदान गरिदै आएको छ ।

सु.प क्षेत्रमा वा बाहिर बसेर नेपाली साहित्यमा योगदान पुर्‍याउदै आउनुभएका सु.प.क्षेत्रका एकजना स्रष्टालाई प्रदान गरिने घोषणा अनुसार २०५६ को 'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' कवि श्री पूर्णानन्द भट्टलाई प्रदान गरिएको थियो ।

## ३.७ २०५७ सालका साहित्यिक क्रियाकलापहरू

बैशाख २० गते सु.प.सा.स.र विद्यार्थी साहित्य प्रतिष्ठान (कैलाली बहुमखी क्याम्पस) को संयुक्त आयोजनामा राष्ट्रिय स्तरको गजल गोष्ठी सम्पन्न गरिएको थियो । आषाढ २९ गते भानुभक्त आचार्यको १८७ औं भानुजयन्ती र मंसिर ६ गते पहलमान सिं स्वाँरको १२३ औं जन्मजयन्तीका अवसरमा प्रतियोगितात्मक कवि गोष्ठी सम्पन्न गरिएको थियो । पौष १३ गते श्री ५ सरकारको ५६ औ शुभजन्मोत्सवमा प्रतियोगितात्मक कवि गोष्ठी सम्पन्न गरिएको थियो ।

फागुन १ गते देखि ३ गते सम्म धनगढीमा वि.पी. कोइराला प्रतिष्ठानको आयोजनामा द्वितीय नेपाल भारत नेपाली लेखक सम्मेलन (२००१) भव्य रूपमा उल्लासमय वातावरणका साथ सम्पन्न भएको थियो । उक्त अवसरमा नेपाल र भारतबाट समेत तमामौं स्रष्टा, विज्ञ र साहित्यकारहरूको उपस्थिति रहेको थियो । स्थानीय स्तरका साहित्यकारहरूको समेत उल्लेख्य उपस्थिति रहेको थियो । सुदूर पश्चिम क्षेत्रका विभिन्न कला र संस्कृतिको प्रस्तुति गरि कार्यक्रम सम्पन्न गरिएको थियो । सो सम्मेलन धनगढीमा सम्पन्न भएको पहिलो अन्तराष्ट्रिय स्तरको साहित्यिक सम्मेलन हो । सो कार्यकममा सु.प.सा.स.ले स्थानीयस्तरमा संयोजक गर्न भूमिका निर्वाह गरेको थियो ।

सु.प.सा.स.बाट घोषणा गरिएको 'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' (२०५७) नेपाल रा.प्र.प्र. काठमाडौँमा श्री पूर्ण प्रकाश नेपाल 'यात्री' लाई र 'प्रतिभा श्री सम्मान' (२०५७) भानुजयन्तीको अवसरमा महादेव भट्टलाई प्रदान गरिएको थियो ।

## ३.८ २०५८ सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते १८८ औं भानुजयन्ती भव्यरूपमा मनाइएको थियो । बिहान भानू सालिकमा माल्यार्पण गरी प्रभात फेरी गरिएको थियो । सोही दिन दिउसो कवि गोष्ठी सम्पन्न गरिएको थियो ।

भाद्र ११ देखि १५ सम्म त्रिनगर मा.वि. धनगढीको प्राङ्गणमा गौरा मेला सम्पन्न गरिएको थियो । उक्त कार्यक्रम वनदेवी प्राङ्गणमा गरिने योजना भए पनि मन्दिर क्षेत्रमा स्थानाभावका कारण त्रिनगर मा.वि.मा गरिएको थियो । सो कार्यक्रमा गौरा पूजन सम्बन्धि नित्यकर्म, चैत, धमारी लगायतका सांस्कृतिक र ऐतिहासिक खेलहरू सम्पन्न गरिएको थियो ।

कार्तिक २७ गते लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीमा बृहत् लोकगीत प्रतियोगिता, मंसिर ६ गते पहलमान सिंह स्वाँरको जन्मजयन्तीमा टीकापुरमा बृहत् कवि गोष्ठी, पौष १४ गते श्री ५ वीरेन्द्रको स्मृतिमा कवि गोष्ठी, फागुन ६ गते राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा कवि गोष्ठी सम्पन्न गरिएको थियो ।

सु.प.सा.स.बाट प्रदान गरिदै आएको सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार (२०५८) पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा श्री बासुदेव भाइसावलाई प्रदान गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०५८) मोती जयन्तीको अवसरमा सुश्री श्रेष्ठ प्रिया 'पत्थर' लाई प्रदान गरिएको थियो ।

## ३.९ २०५९ सालका साहित्यिक क्रियाकलापहरू

भाद्र २२ गते १३७ औं मोती जयन्तीमा गजल प्रतियोगिता, कार्तिक २७ गते लक्ष्मीप्रसाद देवकोटाको ९४ औं जन्मजयन्तीमा कवि गोष्ठी, मंसिर ६ गते पहलमान सिंह स्वाँरको १२५ औं जन्मजयन्तीमा बृहत कवि गोष्ठी, पौष २६ गते २८१ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस एवं कवि शिरोमणि लेखनाथ पौड्यालको जन्म जयन्तीको उपलक्ष्यमा बृहत कवि गोष्ठी सम्पन्न गरिएको थियो ।

सु.प.सा.स.बाट प्रदान गरिदै आएको 'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार ' (२०५९) पृथ्वी जयन्तीका अवसरमा आत्माराम ओझालाई प्रदान गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०५९) भानुजयन्तीको अवसरमा मानबहादुर पहाडीलाई प्रदान गरिएको थियो ।

## ३.१० २०६० सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते भानु जयन्तीमा कवि गोष्ठी, कार्तिक २७ गते लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीमा कवि गोष्ठी सम्पन्न गरिएको थियो ।

फागुन ३० गते राष्ट्रकवि माधवप्रसाद घिमिरे र उहाँकी धर्मपत्नीलाई सुदूर पश्चिम वासीका तर्फबाट नागरिक अभिनन्दन तथा रथारोहणबाट सम्मान गरी कार्यक्रम सम्पन्न गरिएको थियो । सोही कार्यक्रममा पश्चिम महिला जागरण समूहको डेउडा, अछाम सेवा समितिको होली, रानाथारुको होली, सु.प.संस्कृति सम्बर्द्धन समितिका तर्फबाट विद्यार्थीहरूद्वारा सांस्कृतिक नृत्य एवं पञ्चेबाजा हुडकेली जस्ता सु.प.को संस्कृति झल्कने दृश्यहरू प्रस्तुत गरिएको थियो ।

सु.प. साहित्य समाजबाट प्रदान गरिदै आएको 'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' (२०६०) पृथ्वी जयन्तीका अवसरमा नृप ब.स्वाँरलाई प्रदान गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०६०) भक्त ब. खड्का 'कल्पित' लाई भानु जयन्तीका अवसरमा प्रदान गरिएको थियो ।

## ३.११ २०६१ सालका साहित्यिक क्रियाकलापहरू

भाद्र २४ गते मोतीराम भट्टको जन्म जयन्तीमा कवि गोष्ठी , कार्तिक २७ गते लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्ती बृहत् रूपमा सम्पन्न गरिएको थियो ।

सु.प. साहित्य समाजबाट प्रदान गरिदै आएको 'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' (२०६१) लक्ष्मी जयन्तीको अवसरमा निर्मलकुमार भण्डारीलाई प्रदान गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०६१) मोती जयन्तीको अवसरमा दीनानाथ भट्टलाई प्रदान गरिएको थियो ।

### ३.१२ २०६२ सालका साहित्यिक क्रियाकलापहरू

फागुन २७ गते फागु पूर्णिमाको अवसरमा बृहत् कविता प्रतियोगिता सम्पन्न गरिएको थियो ।

'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' (२०६२) मनिराम जोशीलाई प्रदान गरिएको थियो । सो पुरस्कार २०६४ कार्तिक २२ गते धनगढीमा आयोजना भएको सु.प.महोत्सवमा प्रदान गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०६२) यज्ञराज जोशी (यात्री) लाई प्रदान गरिएको थियो ।

### ३.१३ २०६३ सालका साहित्यिक क्रियाकलापहरू

असार २९ गते नेपाली साहित्यका विराट प्रतिभा आदिकवि भानुभक्त आचार्यको १९३ औं जन्मजयन्ती विविध साहित्यिक कार्यक्रमका साथ सम्पन्न गरिएको थियो ।

मंसिरमा आयोजना गरिएको कैलाली महोत्सवमा सु.प.साहित्य समाजले कवि गोष्ठी सम्पन्न गरेको थियो ।

'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' (२०६३) आर.डी. प्रभाष चटौतलाई प्रदान गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०६३) गणेशदत्त न्यौपानेलाई प्रदान गरिएको थियो ।

### ३.१४ २०६४ सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते आदिकवि भानुभक्त आचार्यको १९४ औं जन्मजयन्तीमा बृहत् कवि गोष्ठी, नेपाली भाषाका प्रथम वैयाकरण जयपृथ्वी ब. सिहंको १३० औं जन्मजयन्तीमा भाद्र ७ गते वाल कवि गोष्ठी र विचार गोष्ठी, भाद्र २४ गते नेपाली साहित्यका प्रथम

मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाको ९४ औं जन्मजयन्तीका अवसरमा कथा प्रतियोगिता, भाद्र २५ गते नेपाली साहित्यका प्रथम गजलकार मोतीराम भट्टको १९४ औं जन्मजयन्तीको अवसरमा बृहत् गजल प्रतियोगिता, पौष २६ गते १२४ औं लेखनाथ जयन्तीको अवसरमा वृहत कवि गोष्ठी, माघ १५ गते शहीद दिवसको अवसरमा धनगढी - १२ जुगेडा 'ए गाउँमा कविता प्रतियोगिता सम्पन्न गरिएको थियो ।

चैत्र ७ गते होली मिलन साहित्य गोष्ठी सम्पन्न गरिएको थियो ।

सु.प.साहित्य समाजद्वारा स्थापित सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार (२०६४) भानुजयन्तीको अवसरमा महादेव भट्टलाई प्रदान गरिएको थियो ।

'प्रतिभा श्री सम्मान' (२०६४) नरनाथ गिरीलाई प्रदान गरिएको थियो ।

## ३.१५ २०६५ सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते १९५ औं भानुजयन्ती भव्यताका साथ कविता प्रतियोगिता गरी सम्पन्न गरिएको थियो । पहलमान सिंह स्वाँरको १३१ औं जन्मजयन्ती मंसिर ७, ८, ९ गते विविध कार्यक्रमका साथ मनाइएको थियो । ७ गते धनगढीमा, ८ गते अत्तरियामा,९ गते पहलमानपुर उच्च मा.वि.मा कविता प्रतियोगिता सम्पन्न गरिएको थियो ।

मंसिर २६गते १२५ औं लेखनाथ जयन्तीका अवसरमा कवि गोष्ठी सम्पन्न गरिएको थियो ।

'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' (२०६५) जयराज पन्तलाई दिने घोषणा गरिएको छ ।

'प्रतिभा श्री सम्मान' (२०६५) हर्षप्रसाद भट्टलाई प्रदान गरिएको छ ।

## ३.१६ २०६६ सालका साहित्यिक क्रियाकलापहरू

आषाढ २९ गते नेपाली साहित्यका विराट प्रतिभा आदिकवि भानुभक्त आचार्यको १९६ औं जन्मजयन्ती तथा नेपाली लोक साहित्यका महान प्रतिभा कवि देवकान्त पन्तको

७४ औं जन्मजयन्ती सु.प.साहित्य समाजले भव्यताका साथ सम्पन्न गरेको थियो । प्रभात फेरीबाट शुरु भएको सो कार्यक्रममा दिउसो विविध कृतिहरूको विमोचन र कविता वाचन गरिएको थियो । सोही कार्यक्रममा ‘कवि देवकान्त साहित्य पुरस्कार’ स्थापनाको घोषणा गरिएको थियो । सु.प.साहित्य समाजबाट प्रदान गरिदै आएको ‘प्रतिभा श्री सम्मान’ (२०६६) भालचन्द्र भण्डारीलाई प्रदान गरिएको थियो ।

## ३.१७ निष्कर्ष

सु.प. सा.स. समग्र स्रष्टादेखि भाषा, कला, संस्कृति र साहित्यिक क्षेत्रमा संलग्न व्यक्तिहरूको साझा मञ्च भएकोले त्यस क्षेत्रको विकास र विस्तारका लागि विविध साहित्यिक कार्यहरू गर्दै आएको छ । सा.स. ले साहित्यकारहरूको जन्मजयन्तीमा विविध साहित्यिक गतिविधि र राष्ट्रिय, अन्तराष्ट्रिय सम्मेलन गर्दै आएको छ । यस समाजले २०५५ बाट ‘प्रतिभा श्री सम्मान’ र २०५६ बाट ‘सूदुर पश्चिमाञ्चल साहित्य पुरस्कार’ साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गर्दै आएको छ । २०५१ मा स्थापित यस साहित्य समाजले वर्तमान समयसम्म विविध साहित्यिक कियाकलाप गर्दै आएको कुरा उपरोक्त अनुच्छेदहरूवाट पुष्टि हुन्छ ।

# चौथो परिच्छेद

# सु.प.साहित्य समाजबाट प्रकाशित कृतिहरूको संक्षिप्त अध्ययन

सु.प.साहित्य समाजले स्थापनाकालदेखि नै विविध विधामा कृतिहरू प्रकाशन गर्दै आएको छ । सु.प.विकास क्षेत्रमा रहेका भाषा, साहित्य, कला र संस्कृतिको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान होस् भन्ने उद्देश्यले स्थापना भएको यस साहित्य समाजले विभिन्न रचनाकारहरूका कृतिहरू प्रकाशन गरी यस क्षेत्रका स्रष्टाहरूलाई थप उर्जा प्रदान गरेको छ ।

वर्तमान समयसम्म सु.प.साहित्य समाजले स्मृतिग्रन्थ, साहित्यकार परिचय कोष, गजल सङ्ग्रह, मुखपत्र जस्ता कृतिहरू प्रकाशन गरेको छ । ती कृतिहरूको संक्षिप्त अध्ययन यस प्रकार छ :-

## ४.१ स्मृतिग्रन्थ

सु.प.सा.स. कैलाली धनगढीले राजनीतिज्ञ, समाजसेवी एवं साहित्यकारहरूको संस्मरणमा उहाँहरूको बहुआयामिक व्यक्तित्वलाई उजागर गर्न स्मृतिग्रन्थ प्रकाशित गरेर अग्रज साहित्यकारप्रति वास्तविक सम्मान एवम् श्रद्धाञ्जली अर्पण गरेको छ । यस प्रकारका स्मृतिग्रन्थको प्रकाशनले सु.प.को भाषा, साहित्य, कला, संस्कृति, धर्म र इतिहासबारे अध्ययन अनुसन्धान र लेखन कार्य गर्न अग्रसर हुन स्थानीय व्यक्तित्वलाई प्रेरणा प्रदान गरेको छ । साहित्यिक स्रष्टाहरू राष्ट्रका सम्पत्ति हुन् । उहाँहरको योगदानलाई कदर गरी स्मृतिग्रन्थको प्रकाशन गर्नु साहित्य समाजको कर्तव्य हो ।

प्रकृतिको सुन्दर सृजना मानव जाति र उसले हासिल गरेको सभ्यताको उदयसँगै संसारमा विभिन्न मानव जातिहरू आउने र जाने क्रम निरन्तर रूपमा चलिरहेकै छ । त्यसरी आउने र जाने क्रममा केही मानवहरू छानिन्छन् । तिनका कार्य, शैली, व्यवहार र सृजनाले मानव समाजलाई सदैव आफूतर्फ आकर्षित गरिरहन्छ, जो भुल्न खोज्दा पनि भुल्न सकिँदैन । विभिन्न समय र सन्दर्भमा तिनको सम्झना सदैव हराभरा बनिरहन्छ । यस्ता

स्रष्टाको सम्मान जुन माटोले गर्न सक्दैन, त्यो माटोले प्रगति पनि गर्न सक्दैन । यस्ता स्रष्टाको योगदानलार्य कदर गर्दै सु.प.सा.स. ले स्मृतिग्रन्थ प्रकाशन गरेको छ ।

स्रष्टा यस्तो दियो हो, जो निभेर पनि बलिरहेको हुन्छ, हराएर पनि चम्किरहेको हुन्छ, मौन रहेर पनि बोलिरहेको हुन्छ । यस किसिमका स्रष्टा भौतिक रूपमा हाम्रा सामु नरहे पनि भावनात्मक रूपमा हाम्रा बीचमा अमर छन् । यस्ता अमर स्रष्टाहरूले पुऱ्याएको अतुलनीय योगदानलाई अविस्मरणीय बनाउने उद्देश्यले सु.प.सा.स. ले दुईवटा स्मृति ग्रन्थ प्रकाशन गरेको छ ।

यस साहित्य समाजबाट प्रकाशित स्मृति ग्रन्थहरू यस प्रकार छन् :-

## ४.१.१ देवकान्त पन्त स्मृतिग्रन्थ

सु.प.साहित्य समाजले २०५९ साल आषाढ २९ गते देवकान्त पन्तको जन्म जयन्तीको अवसर पारी 'देवकान्त पन्त स्मृतिग्रन्थ' प्रकाशन गरेको हो । देवकान्त पन्त डोट्याली लोकसाहित्यका प्रथम शोधकर्ता हुन् । पन्तका डोटेली लोकसाहित्य, सीता स्वयंवर, शिव विवाह मंगल, जय नेपाल जस्ता थुप्रै कृतिहरू प्रकाशन भएका छन् । उहाँले सु.प.क्षेत्रमा गरेको साहित्यिक योगदानको कदर गर्दै स्मृति ग्रन्थको प्रकाशन गरिएको हो । यस स्मृति ग्रन्थमा प्रकाशित लेख रचनाहरू विभिन्न क्षेत्रमा संलग्न रहेका स्रष्टाहरूले उपलब्ध गराएका छन् । यस स्मृति ग्रन्थमा प्रकाशित लेख रचनाहरू यस प्रंकार छन् :–

### (क) श्रद्धाञ्जली सम्झना र संस्मरण

| क्र.स. | शीर्षक | रचयिता |
|---|---|---|
| १. | संस्मरण | प्रा.डा. रामचन्द्र भट्ट |
| २. | स्वर्गीय श्री देवकान्त पन्तजीप्रति | प्रा.डा.यज्ञराज पन्त |
| ३. | स्व.देवकान्त पन्त केही स्मरण | डा. हेमराज पन्त |
| ४. | कवि देवकान्त पन्तज्यूलाई सम्झिदा | नृप. ब.स्वाँर |
| ५. | स्रष्टा कहिल्यै मर्दैन (कविता) | आर.डी. प्रभास चटौत |
| ६. | मेरा कल्पनाका कवि देवकान्त पन्त | वासुदेव पाण्डेय |

| | | |
|---|---|---|
| ७. | कवि देवकान्त पन्त प्रति (कविता) | दीनानाथ भट्ट |
| ८. | भावपूर्ण श्रद्धासुमन | मनिराज जोशी |
| ९. | तारा उदाएसरि (कविता) | पूर्णानन्द भट्ट |
| १०. | सम्झनाका स्रष्टा देवकान्त पन्त | निर्मल कुमार भण्डारी |
| ११. | मैले देवकान्तलाई जस्तो रूपमा पाएँ | पद्मराज जोशी |
| १२. | हाम्रा स्मृतिकान्त एवं कीर्तिकान्त कवि | भालचन्द्र भण्डारी |
| १३. | मैलै भेटेका देवकान्त पन्त | भोजराज भट्ट |
| १४. | हे देव ! लाग्यौ कता (कविता) | यज्ञप्रकाश यात्री |
| १५. | हार्दिक श्रद्धाञ्जलि | तुलसीधर भण्डारी |
| १६. | पन्त देवकान्तमा श्रद्धान्जलि (कवि) | गणेशदत्त उपाध्याय |
| १७. | आशुकवि देवकान्त पन्त | अर्जुन सिटौला |
| १८. | स्व. देवकान्त पन्त एक संस्मरण | कृष्ण पनेरु |
| १९. | मैले देखेका देवकान्त | मदन पल्याल |
| २०. | कवि देवकान्त पन्तको सम्झना | एकराज भट्ट |
| २१. | श्रद्धाञ्जलि (कविता) | आत्माराम ओझा |
| २२. | मैले उसलाई सधै कविको रूपमा पाएँ | डा.लक्ष्मीकान्त पन्त |
| २३. | सम्झनाका क्षणहरू | श्रीमती उमा पन्त |
| २४. | श्रद्धेय ससुराज्यूको सम्झना | पूनम पन्त |
| २५. | बहुआयामिक ...कवि देवकान्त पन्त | रेवा भट्ट |
| २६. | मेरो स्मरणमा पूजनीय बुवाज्यू | अनिता पन्त |
| २७. | बाजे हजुरसँग मेरा सम्झनाहरू | शिप्रा भट्ट |

**(ख) जीवनी व्यक्तित्व र देन**

| | | |
|---|---|---|
| २८. | श्रीमद्देवकान्त पन्तस्य जीवन्युपलिख्यते | आचार्य ज्योति प्रकाश जोशी |
| २९. | कवि देवकान्त पन्तको जीवनी | लोकराज पन्त |
| ३०. | कवि देवकान्त पन्त एक अमर आत्मा | वेद उप्रेती |
| ३१. | सीमित हुदैन सिर्जना र साधना | जयदेव भट्टराई |

## (ग) समीक्षा, समालोचना र मूल्याङ्कन


| | | |
|---|---|---|
| ३२. | एक साहित्यकार र अन्वेषक...पन्त | डा.देवी प्र. ओझा |
| ३३. | जोग्राफिकल मिष्टेक | जयराज जोशी |
| ३४. | साहित्यकार देवकान्त ..साहित्यिक यात्रा | नेत्र प्र. पनेरु |
| ३५. | स्व.कवि....पन्तको हरितालिका हेर्दा | डिल्लीराज फुलारा |
| ३६. | डोटेली लोकसाहित्यका सन्दर्भमा | बद्री शर्मा विनाडी |
| ३७. | डोटेली लोकसाहित्यका प्रथम | मनोहर लामिछाने |
| ३८. | देवकान्त पन्तका केही सृजनाको समीक्षा | रामलाल जोशी |
| ३९. | देवकान्त पन्त :मृत्युपर्यन्तको एउटा आरम्भ | |
| ४०. | शान्तिक्षेत्र नेपालको खुला आकाशमा.... | सुभाषचन्द्र भण्डारी |
| ४१. | स्व.देवकान्त पन्त डोटेली... | पुष्करराज भट्ट |
| ४२. | देवकान्त पन्त र उनको नेपाली तीजकथा | मेघनाथ खनाल |


## (घ) विविध


| | | |
|---|---|---|
| ४३. | गो.सेवक देवकान्त पन्त | नवराज ओझा |
| ४४. | बाचेका छन् देवकान्त पन्त (कविता) | जयराज ओझा |
| ४५. | देववाटिकामा एक पुष्प (लोकलय) | दीनानाथ भण्डारी |
| ४६. | बहुप्रतिभाशाली कवि देवकान्त पन्त | लोक ब. चौधरी |
| ४७. | चम्कीरनु रवि बनी कवि देवकान्त | टी.एन. जोशी |
| ४८. | स्वर्गवासी गुरुदेव | हेमराज भट्ट |
| ४९. | म परिशिष्ट एउटा हलधर | स्व. देवककान्त पन्त |
| ५०. | सु.प.देववाटिका क्षेत्रका देवालयहरू | |
| ५१. | देवकान्तसंग सम्वन्धित कागजात र तस्वीरहरू | |


## संस्थागत निर्णय, विज्ञप्ती र आभार


| | |
|---|---|
| ५२. | सु.प.सा.सा.र कै.ज.पु.बाट संयुक्त श्रद्वाञ्जलि |
| ५३. | प्रकाशन व्यवस्था समिति र सम्पादक मण्डल |
| ५४. | विद्यार्थी साहित्य पुरस्कार सम्वन्धि विज्ञप्ती |

५५. सहयोगी समूह

५६. विनम्र मन्तव्य

प्रधान सम्पादक

तथा संयोजक

## ४.१.२ नृप ब. स्वाँर स्मृति ग्रन्थ (२०६४)

सु.प.साहित्य समाजले २०६४ कार्तिक २० गते स्वाँरको जन्म जयन्तीकै अवसर पारेर 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ' प्रकाशन गरेको छ । स्वाँर कुशल समाजसेवी, राजनीतिज्ञ, शिक्षक र स्रष्टा हुनुहुन्थ्यो । स्वाँर जीवनको उत्तरार्द्धकालमा सु.प.को धनगढीमा रही त्यही क्षेत्रका विविध साहित्यिक कार्यक्रममा समावेश हुनुहुन्थ्यो । स्वाँरका 'सेतीको मन्दिर' (२०४२) कविता सङ्ग्रह, 'स्वाँरको चिनारी' (२०४९) वंशावली, 'गोठाले ठिटो' (२०५१) खण्डकाव्य, 'कुसुमी' (२०५५) उपन्यास, 'चिनु' (२०५६) उपन्यास, 'कथा व्यथा' (२०५९) उपन्यास, 'देशभित्र–देशबाहिर' (२०६०) यात्रा संस्मरण लगायतका कृतिहरू प्रकाशित छन् । स्वाँरले सु.प. क्षेत्रमा गरेको साहित्यिक राजनैतिक, सामाजिक, शैक्षिक आदि योगदानको कदर गर्दै सु.प.साहित्य समाजले यस स्मृति ग्रन्थको प्रकाशन गरेको हो ।

यस स्मृतिग्रन्थमा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् :–

| **क.स.** | **शीर्षक** | **लेखक** |
|---|---|---|
| १. | बहुआयामिक व्यक्तित्वका धनी | धनञ्जय तिमिल्सेना |
| **नृप ब. स्वाँरका जीवनी–संस्मरण** | | |
| २. | केही अनुभूति | सूर्य ब. थापा |
| ३. | शालीन व्यक्तित्व | लोकेन्द्र ब. चन्द |
| ४. | अविस्मरणीय यात्रा र नृप ब.स्वाँर | जगत ब.बोगटी |
| ५. | दुई शब्द | नवराज सुवेदी |
| ६. | सौम्य सौहार्द सम्झना | कमलराज रेग्मी |
| ७. | चिन्तनशील तथा मृदभाषी दाईको सम्झना | नारायणदत्त भट्ट |

| | | |
|---|---|---|
| ८. | स्व.नृप ब. स्वाँरज्यूको सम्झना | बल ब. कुँवर |
| ९ | स्नेही मित्र | काशीनाथ जोशी |
| १०. | श्रद्धान्जली | मीन ब. रावल |
| ११. | स्नेह श्रद्धाञ्जली | आत्माराम ओझा |
| १२. | बहुमुखी प्रतिभाका धनी स्व.नृपको एउटा शव्दचित्र स्तम्भ | आर.डी .'प्रभास' |
| १३. | बहुआयामिक व्यक्तित्वका धनी | इन्द्र ब.शाह |
| १४. | सम्झनाको परिधिभित्र नृप ब. स्वाँर | ईश्वरी स्वाँर |
| १५. | श्रद्धाञ्जली सृजनाका सारथीलाई मेरो | ऋचा लुइटेल |
| १६. | मैले अनुभूत गरेको व्यक्तित्व | कटक ब. खड्का |
| १७. | स्मरणः न्यानो माया र आफ्नो पन | करण कु.रावल |
| १८. | उपन्यास 'कुसुमी'भित्र नृप ब.स्वाँर | कल्यान ओझा |
| १९. | कुसुमी उपन्यासको समीक्षा | प्रा. कृष्ण गौतम |
| २०. | 'चिनो' उपन्यासको :एक चर्चा | प्रा.कृष्ण गौतम |
| २१. | मेरा स्मृतिपटलमा साहित्यकार नृप | कृष्ण पनेरु |
| २२. | स्वर्गीय नृप ब.स्वाँर असल मानिस | गगनराज भट्ट |
| २३. | शब्द श्रद्धा | गणेशदत्त न्यौपाने |
| २४. | चिरस्मरणीय व्यक्तित्व | गणेश ब. स्वाँर |
| २५. | 'देशभित्र र देशबाहिर'कृतिको विश्लेषण | गणेशराज जोशी |
| २६. | ते हि नो लिवसाःगताः | डा.जयराज पन्त |
| २७. | उनकै नाममा श्रद्धाञ्जली | ज्योति प्रकाश जोशी |
| २८. | नृप ब. स्वाँरको सम्झना | टेक ब.खड्का |
| २९. | आत्मीय मित्रवर स्वाँरज्यूप्रति श्रद्धासुमन | डबल ब.कुँवर |
| ३०. | वास्तविक नृप | डिल्लीराज पन्त |
| ३१. | सम्झना | दल ब.बोगटी |
| ३२. | स्मरणीय व्यक्तित्व नृप ब.स्वाँर | दीनानाथ भट्ट |
| ३३. | नृप ब.स्वाँर :सरल एवं कर्मठ व्यक्तित्व | डा. दीप ब. स्वाँर |

| | | |
|---|---|---|
| ३४. | "Symbol to the Humanity " | Dipendra Swar |
| ३५. | 'कथा–व्यथा'को कथा | डा.दुर्गा प्र.अर्याल |
| ३६. | कवि र कविता | श्री १००८ स्वामी देवराज आचार्य |
| ३७. | स्मृतिका डोबहरू | ध्वज ब. कुँवर |
| ३८. | शक्ति वैशिष्टयता | नन्दराम पाण्डेय |
| ३९. | सरल स्वभावका धनी व्यक्तित्व | नयाराम खत्री |
| ४०. | जीवनको जीत | नरनारायण शाह |
| ४१. | अमर व्यक्तित्व नृप ब.स्वाँर | नवराज ओझा |
| ४२. | सम्झनाका आशु | निर्मल कु.भण्डारी |
| ४३. | बहुआयामिक व्यक्तित्व : केही संस्मरण | पद्मराज जोशी |
| ४४. | हार्दिक श्रद्वाञ्जली | पद्मसिंह कुँवर |
| ४५. | अनुभूतिका केही क्षणहरू | पुष्करराज भट्ट |
| ४६. | अतीतको सम्झना | बल ब. स्वाँर |
| ४७. | साहित्यका नृप | बलमानसिंह स्वाँर |
| ४८ | एक अविस्मरणीय व्यक्तित्व | बासुदेव पाण्डेय |
| ४९. | बहुमुखी प्रतिभा धनी | बिनोद कुमार भट्टराई |
| ५० | कुशल स्रष्टा र शिल्पी | विष्णुप्रसाद खत्री |
| ५१ | भद्र भलादमी | विष्णुबहादुर स्वार |
| ५२ | अविस्मरणीय घटना | वीरबहादुर शाही |
| ५३ | भुल्नै नसकिने व्यक्तित्व | भद्रबहादुर स्वार |
| ५४ | नृप स्मृति | भालचन्द्र ब्रहमगोल |
| ५५ | आऊ है यस धर्तीमा | भुवन चन्द |
| ५६ | श्रद्धासुमन | भूमीराज जोशी |
| ५७. | सन्दर्भ 'कथा–व्यथा'उपन्यासको | भोजराज भट्ट |
| ५८. | उहाँसँगको अन्तिम चिया | मदन पल्याल |
| ५९. | नृप ब. स्वाँरको सम्झनामा | ज्यो मनिराज जोशी |
| ६०. | 'कथा–व्यथा' मा नृप ब.स्वाँर | महादेव अधिकारी |

| | | |
|---|---|---|
| ६१. | बहुआयामिक व्यक्तित्व | महादेव जोशी |
| ६२. | साहित्यकारलाई अन्तिम विदाइ | मान ब. सिंह |
| ६३. | पवित्र श्रद्वाका शब्दसुमन | मोतीलाल बोहरा |
| ६४. | श्रद्वा सुमन | मोहन ब. शाह |
| ६५. | कीर्ति फगत छोडेर नृप स्वाँर तिमी गयौ | यज्ञराज ओझा |
| ६६. | नृप ब. स्वाँरको साहित्यिक यात्रा | यज्ञराज उपाध्याय |
| ६७. | श्रद्वान्जली | यज्ञप्रकाश यात्री |
| ६८. | अविस्मरणीय व्यक्तित्व | रघुनाथ पाण्डेय |
| ६९. | साहित्यका एक खम्वा | लक्की चौधरी |
| ७०. | बिर्सनु नहुने नाम | लक्ष्मण ब.खड्का |
| ७१. | 'देशभित्र–देशबाहिर' | लक्ष्मण राजवंशी |
| ७२. | एक गुणवान् व्यक्तित्व | लाल ब. रावल |
| ७३. | स्व. नृप ब. स्वाँर :एक स्मरण | लोकेन्द्र ब.स्वाँर |
| ७४. | मैले चिनेका नृप | सत्यराज पनेरु |
| ७५. | बहुप्रतिभाशाली व्यक्तित्वका धनी | सर्वजीत सावद |
| ७६. | नृप ब. स्वाँरसंग 'पहिलो र अन्तिम भेट | सीताराम भट्ट |
| ७७. | नृपकाजीप्रति ससम्मान श्रद्वान्जली | सुरत ब.शाह |
| ७८. | स्तब्ध भएँ म, अब ... | श्रेष्ठ प्रिया 'पत्थर' |
| ७९. | स्व श्री नृप ब.स्वाँरज्यूप्रति हार्दिक श्रद्वान्जली | हर्कराज मल्ल |
| ८०. | स्मृतिका पानाबाट | हेमन्ती जोशी |
| ८१. | स्वर्गीय नृप ब.स्वाँरप्रति शब्द श्रद्वान्जली | डा. हेमराज पन्त |
| ८२. | स्व. नृप ब.स्वाँरका अन्तर्वाता अभिनन्दन –पत्र र केही तस्विरहरू | |

## ४.२ साहित्यकार परिचय कोष

सु.प.साहित्य समाजले 'साहित्यकार परिचय कोष' (२०६०) प्रकाशन गरेको छ । सु.प.का साहित्यकारहरूको व्यक्तिगत विवरण संकलन गरी परिचय कोषको प्रकाशन गरेको

छ । यस कार्यको शुभारम्भ सु.प.साहित्य समाजका संस्थापक अध्यक्ष यज्ञराज जोशी (यात्री) ले गर्नुभएको थियो । सु.प.साहित्य समाजले साहित्यकार परिचय कोषको प्रकाशन गरेर सु.प.का साहित्यिक प्रतिभाहरूलाई बाह्य क्षेत्रमा परिचित गराउन सफल भएको छ ।

यस साहित्यकार परिचय कोषमा समाविष्ट प्रतिभाहरूको नामावली यस प्रकार छ :–

| क्र.स. | नाम |
|---|---|
| १. | अमरबहादुर शाही |
| २. | अर्जुन सिटौला |
| ३. | अशोक कुमार बोहरा |
| ४. | आत्माराम ओझा |
| ५. | आर.डी. प्रभास चटौत |
| ६. | आनन्ददेव भट्ट |
| ७. | एकराज भट्ट |
| ८. | करविर शाह |
| ९. | कल्यान ओझा |
| १०. | कृष्णदत्त चटौत |
| ११. | कृष्णराज भट्ट |
| १२. | कृष्ण सिहं पेला |
| १३. | कृष्ण पनेरु |
| १४. | स्व. खडकबहादुर सिहं |
| १५. | खग्रेन्द्र गिरी |
| १६. | गणेशदत्त उपाध्याय |
| १७. | गणेशप्रसाद ओझा |
| १८. | गणेशराज जोशी |
| १९. | गिरीराज जोशी |
| २०. | गोपालप्रसाद जोशी |
| २१. | गोकुलराज जोशी |

२२. गंगाराम महतो

२३. जयराज ओझा

२४. जयराज पन्त

२५. स्व.जयपृथ्वीबहादृर सिहं

२६. जीतसिहं भण्डारी

२७. ज्योतिप्रकाश जोशी

२८. टी.एन.जोशी

२९. टिकादत्त जोशी

३०. टोपेन्द्र शाह

३१. तपराज विनाडी

३२. तारा भट्ट

३३. तुलसी शर्मा

३४. दीनानाथ बराल

३५. दीनानाथ भट्ट

३६. दिलानन्द पन्त

३७. दिलिप धामी

३८. दिव्यसागर साँउद

३९. डा.दुर्गाप्रसाद भण्डारी

४०. दिपा ऐर

४१. देवराज भट्ट

४२. स्व.देवकान्त पन्त

४३. देवराज भट्ट

४४. डा.देवीप्रसाद ओझा

४५. धनञ्जय तिमिल्सिना

४६. नन्दराम पाण्डेय

४७. नृपबहादुर स्वाँर

४८. नरेन्द्रप्रसाद भट्ट

४९. स्व. एन.डी प्रकाश चटौत

५०. नारायणप्रसाद संग्रौला

५१. निर्मलकुमार भण्डारी

५२. नेत्रप्रसाद पनेरु

५३. पद्मराज जोशी

५४. पद्मराज जोशी 'प्रभात'

५५. स्व.पहलमानसिहं स्वाँर

५६. पूर्णानन्द भट्ट

५७. प्रभाकर भण्डारी

५८. पूर्णानन्द भट्ट

५९. पुष्पकुमार शाही

६०. पुष्करराज भट्ट

६१. बद्रिशर्मा विनाडी

६२. भक्तराज जोशी

६३. भवानीदत्त चटौत

६४. भालचन्द्र भण्डारी

६५. भूमिराज जोशी

६६. भेषराज जोशी

६७. भोजराज भट्ट

६८. मदनराज भट्ट

६९. मञ्जु वैरागी चन्द

७०. मनिराज जोशी

७१. महादेव भट्ट

७२. मनिराम चौधरी

७३. महादेव भट्ट

७४. मनोहर लामिछाने

७५. माधव वियोगी

७६. मानबहादुर सिहं

७७. मिहीलाल उपाध्याय

७८. मेघनाथ खनाल

७९. यज्ञराज उपाध्याय

८०. राजेन्द्र पाण्डेय

८१. रामबहादुर बोगटी

८२. रामचन्द्र जोशी

८३. रामलाल जोशी

८४. ललिजन रावल

८५. लक्ष्मीभक्त जोशी

८६. लालबहादुर रावल

८७. लोकेन्द्रबहादुर चन्द

८८. विष्णुकुमार दौल्याल

८९. वीरबहादुर चन्द

९०. वासुदेव भट्ट

९१. वासुदेव पाण्डेय

९२. विष्णुभक्त जोशी

९३. विनोदकुमार भट्टराई

९४. वेणीमाधव भट्ट

९५. शिवराज योगी

९६. शान्तनुलाल श्रेष्ठ

९७. शंकर खड्का

९८. सुभाष चन्द्र भण्डारी

९९. श्रेष्ठ प्रिया पत्थर

१००. हर्षप्रसाद भट्ट

१०१. ज्ञानचन्द्र उपाध्याय

१०२. बायोडाटा प्राप्त नभएका साहित्य स्रष्टाहरू

## ४.३ गजल सङ्ग्रह

साहित्यका विविध विधामध्ये वर्तमान समयमा गजल निकै लोकप्रिय बन्दै आएको छ । छोटा हृदयस्पर्शी गजलहरूले मानव हृदयलाई प्रफुल्लित पारिदिन्छ । मूलतः प्रेम प्रसङ्गमा लेखिने परम्परा बनेको गजल हाल आएर समाजका समसामयिक घटनाक्रमहरूलाई पनि चित्रण गर्न सफल भएको छ । मुलुकका अन्य भागमा झैं सु.प.क्षेत्रमा पनि गजल विधाको संरक्षण, सम्बर्द्धन र विकासमा थुप्रै स्रष्टाहरू र संस्थाहरू लागेका छन् । सु.प.साहित्य समाजले पनि गजल सङ्ग्रहहरूको प्रकाशन गरी गजल विधाहरूलाई मलजल गर्ने कार्य गरेको छ ।

सु.प.साहित्य समाजबाट प्रकाशित गजल सङ्ग्रहहरू यस प्रकार छन् :–

### ४.३.१ देश रोएका बेला (२०६२)

देश रोएका बेला (२०६२) टी.एन.जोशी किशोरको प्रथम गजल सङ्ग्रह हो । जोशीको जन्म वि.सं. २०३५ मा डडेल्धुराको जोगबुडामा भएको हो । यिनले एम.ए. सम्मको शिक्षा हासिल गरेका छन् । यिनले 'जमर्को' पत्रिकामा खुल्दुली शीर्षकको कविताबाट साहित्यमा प्रवेश गरेका हुन् । यिनी सु.प.साहित्य समाज, विद्यार्थी साहित्य प्रतिष्ठान्, सु.प.गजल मञ्च, कैलाली जनपुस्तकालय आदि संघ संस्थासग आवद्व छन् । हाल यिनी शिक्षण पेशामा संलग्न छन् । यिनले विद्यार्थी साहित्य पुरस्कार (२०६०) प्राप्त गरेका छन् ।

'देश रोएका बेला' गजल सङ्ग्रहमा गजलहरू विषयवस्तुगत विविधतायुक्त छन् । उनका गजलहरू विचार भन्दा भावनाले ओतप्रोत छन् । धेरै जसो गजलहरू मायाप्रितीका बारेमा लेखिएका छन् । प्रायः जसो गजलहरूमा जवानीका प्रेमलहरीलाई बढी महत्त्वका साथ प्रस्तुत गरिएको छ । प्रेम र प्रेमिकाले माया प्रिती गरिसकेपछि धोका पाएर पीडा पिउँदै बाँच्नु पर्दाको अनुभव प्रस्तुत छ । यिनले माया प्रितीको जालमा परिसकेपछि त्यसबाट छुट्टिएर जीवन बाँच्नुको कारुणिक अवस्थाको सजीव चित्रण आफ्ना गजलमा उतारेका छन् । संगसंगै बाँच्ने कसम खाएका जोडीले छुट्टिएर बाँच्नु पर्दाको पीडा व्यक्त गरिएको छ । आफु प्रेममा धोका पाएर जलिरहेको भन्दै नव प्रेमिकालाई धोका नदिन, प्रेमको स्वाङ् नगर्न,

विभिन्न प्रपञ्च नरच्न आग्रह गरेका छन् । उनका गजलमा सामाजिक अन्याय, अत्याचार प्रति विरोध र व्यङ्ग्य समेत गरेको पाइन्छ । वर्तमान अवस्थामा देशमा फैलिएको अराजकता, भ्रष्टाचार, कालो बजारी गर्नेहरूको विरोध गर्दै त्यसलाई रोक्न आहवान गरेका छन् ।

यस गजल सङ्ग्रहमा ४८ वटा पृष्ठ र ४८ वटा गजलहरू रहेका छन् । गजलहरू बढीमा ७ र घटीमा ४ शेरका छन् । किशोर शब्द तखल्लुसका रूपमा प्रयोग भएको छ । गजलहरू सरल भाषा शैलीमा लेखिएका छन् । यस गजल सङ्ग्रहमा तत्सम, तद्भव शब्दको पनि प्रयोग गरिएको छ ।

### ४.३.२ पत्थरका प्रलापहरू (२०५९)

श्रेष्ठ प्रिया पत्थरको 'पत्थरका प्रलापहरू' (२०५९) नामक गजल सङ्ग्रह उनको दोस्रो गजल सङ्ग्रह हो । यिनको वास्तविक नाम हरिप्रिया श्रेष्ठ हो । यिनको जन्म वि.सं. २०२१ साल डोटीको सिलगढीमा भएको हो । यिनले वि.ए. सम्मको शिक्षा हासिल गरेकी छिन् । यिनका प्रकाशित कृति 'पतिङ्गर' (२०४८), 'पुकार' (२०५९), 'रङगभूमि' (२०५०), 'मर्यादा' (२०५२), 'कसिङगर' (२०५३), उपन्यास , 'पग्लिएका व्यथाहरू' (२०५३), 'पत्थरका प्रलापहरू' (२०५९), 'आशुको सौगात' (२०६०) गजल सङ्ग्रहहरू छन् । यिनी सु.प.साहित्य समाज धनगढी, सु.प.गजल मञ्च धनगढी, भानु पुस्तकालय सत्ती कैलाली, कैलाली जन पुस्तकालय धनगढी, वाणी प्रकाशन विराटनगर, प्रतिभा पुस्तकालय अत्तरिया कैलाली आदि संघसंस्थाहरू संग आवद्व रहेकी छन् । यिनले राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), रामराज पन्त स्मृति सम्मान (२०५५), केवलपुरे जनमत सम्मान (२०५९) श्री मानद अलङकरण सम्मान (२०५०) आदि प्राप्त गरेकी छिन् ।

'पत्थरका प्रलापहरू' गजल सङ्ग्रहमा देश प्रेम, सामाजिक विकृति, विसङ्गतिको विरोध र व्यङग्य, देशमा व्याप्त बेरोजगारी समस्या र नगर सभ्यताका विकृत्ति र पारम्परिक रुढीको विरोध, मानवतावादी दुष्टिकोण, समाजमा व्याप्त रोग, भोक, शोक, अशिक्षा आदि विषयलाई समेटिएको छ । 'पत्थरका प्रलापहरू' गजल सङ्ग्रहमा ६६ वटा गजलहरू संकलित छन् ।

'रगत अफै तातै छ युद्ध' शीर्षकको गजलमा राष्ट्रियताको भावना छताछुल्ल भएर आएको छ। नागरिकको कर्तव्य देशको विकास र रक्षा गर्नु हो भन्ने भाव यस गजलमा छ। 'रावणको दरबार' गजलमा मानवीय मूल्यमा आएको ह्रासप्रति चिन्ता व्यक्त गरिएको छ। 'उक्साउनेले उक्साएपछि' गजलमा आडम्वरीपनको विरोध छ। 'आफ्नौ दुनो सोफ्याउने' गजलमा मानवीय स्वार्थ प्रवृत्तिको विरोध गर्दै त्यस प्रति व्यङ्ग्य प्रहार गरिएकोछ। 'जिन्दगीमा खुशी पीडा' शीर्षकको गजलमा आफ्ना जीवनका अनुभव र अनुभूति पोख्ने गरेको कुरा उल्लेख छ। 'दाउपेचको खेल हुने' गजलमा राजधानीका व्याप्त विकृति र विसङ्गतिलाई विषयवस्तु बनाइएको छ।

श्रेष्ठ प्रिया 'पत्थर' नेपाली गजल क्षेत्रमा पुस्तककार कृति लिएर देखापर्ने प्रथम नारी गजलकार हुन्। उनी सफल एवं सशक्त गजलकार हुन्। उनका गजलहरूमा विषयवस्तुगत विविधता पाइन्छ। माया प्रेम जीवनका भोगाई आदि भावनात्मक रूपमा पोखिएका पाइन्छन्।

## ४.३.३. सूर्जे पनि अस्ताउन मात्रै (२०६२)

'सूर्जे पनि अस्ताउन मात्रै' राजेन्द्र थापाको (२०६२) मा प्रकाशित गजल सङ्ग्रह हो। राजेन्द्र थापाका 'पोहर साल खुसी फाट्यो' गीतिसङ्ग्रह, (२०५४) 'सूर्जे पनि अस्ताउन मात्रै' (२०६२) बाटोले अब मान्छे हिडँछ (२०६४) सहनेकै छाती अचानो (२०६५) भुइँ मान्छे एक (२०६५) भुइँ मान्छे दुई मुक्तक सङ्ग्रह, (२०६५) लगायतका कृतिहरू प्रकाशित छन्।

'सूर्जे पनि अस्ताउन मात्रै' राजेन्द्र थापाको गजल सङ्ग्रहमा ६८ वटा गजलहरू रहेका छन्। यस सङ्ग्रहका गजलमा घटीमा ४ र बढीमा ६ शेर रहेका छन्। यस गजल सङ्ग्रहको प्रमुख स्वर नै काली महाकाली प्रदेशले भोग्नु परेको पीडाको स्वर हो। त्यसको प्रकृति र संस्कृतिबाट विम्व र प्रतिक लिएर गजलकार थापाले आफ्नो कथ्य विषयलाई बढी संवेद्य बनाएका छन्। उनले यस गजल सङ्ग्रहमा त्यस भेगको जनजीवन भित्र पसेर त्यहाँको जनताको पीडालाई प्रत्यक्ष अनुभव गरेर जीवन्त अभिव्यक्ति दिएका छन्।

थापाका गजलमा विषयगत विविधता पाइन्छ। 'योजना बनाउनेहरूलाई' नामक गजलमा नेपाली जनतालाई नेताहरूले लोभलालचा मात्र देखाउने ती कार्य कहिल्यै पुरा

नगर्ने प्रवृति माथि व्यङ्ग्य गरिएको छ । सुदूर पश्चिम विकास क्षेत्र सधै पछाडि परेको त्यहाँ कुनै विकासका सम्भावना एवं कार्यक्रम जान नसकेको अवस्थाको चित्रण पाइन्छ । यसैगरी उनका 'सूर्जे पनि अस्ताउन मात्रै', 'जे पनि जनताकै लागि नै', 'ड्यौडा नाच्नै बन्द गर है', 'ठूला ठूला सपना' 'कराइरहेछन् कौरव पाण्डव' , 'मान्छे चाइयो' जस्ता गजलमा देशप्रेम, समाजमा देखिएका व्याप्त अशान्ति, अन्याय, अराजकता, अत्याचारले मानवीय मूल्यमा पारेको प्रभावलाई देखाइएको छ । उनका गजल मार्फत जनतामा चेतना ल्याउने, वर्तमान अवस्थामा समाजमा विद्यमान असमानता, दमन, शोषणबाट सबैले मुक्ति पाउनुपर्छ भन्ने विचार पाइन्छ । देशमा बाहिरी हस्तक्षेपले राष्ट्रियतालाई कमजोर बनाएको, जनताको सेवा गर्न गठन जनमुखी सरकारले विकट क्षेत्रमा केही सुधार गर्न नसकेकोमा खेद प्रकट गरेका छन् ।

थापाका गजलमा भाषाशैली सरल पाइन्छ । उनी गजललाई गेयता प्रदान गर्न सफल बनेका छन् ।

## ४.३.४ बाँसुरीका धुनहरू (२०५८)

बाँसुरीका धुनहरू (२०५८) अशोक बोहरा र ऋचा लुइटेलको सामूहिक रूपमा प्रकाशित गजल सङ्ग्रह हो । ४० पृष्ठको यस गजल सङ्ग्रहमा अशोक बोहराका १९ वटा र ऋचा लुइटेलका १७ वटा गरी ३६ वटा गजलहरू रहेका छन् । बढीमा ६ र घटीमा ४ शेरका गजलहरू यस सङ्ग्रहमा पाइन्छन् ।

'बासुरीका धुनहरू' गजल सङ्ग्रहमा प्रेम, नारी माथिको शोषण, अन्याय, अत्याचार देशको राजनीतिक अवस्था, बेरोजगारीपन आदिको वर्णन पाइन्छ ।

'फूल जस्तो मेरो नेपाल' नामक गजलमा नेपाली हुनुले आफनो गौरव बढाएको कुरा पाइन्छ । सिङगो देश विदेशीको ऋणमा नभुलेर नयाँ जोश जाँगरका साथ गाउँबाट विकास गर्दै जानुपर्छ भन्ने सन्देश पाइन्छ । 'के गर्ने हजूर' शीर्षक भएको गजलमा देशमा फैलिएको भ्रष्टाचार माथि व्यङ्ग्य गरेका छन । इमान्दारी जनताको बेहाल हुने दुई नम्बरी धन्दा गर्न सक्ने मान्छे रातारात धनी बनिरहेका छन भन्ने भाव व्यक्त गरेका छन । 'उदास मेरो

चेहरा'मा नामक गजलमा आशामा बस्दाको छटपटीलाई विषयवस्तु बनाइएको छ । गजलमा प्रतिक्षाका पलहरू बिताउनै गाह्रो भएको स्थिति पाइन्छ । 'तारा संग घुमीरहेको' शीर्षक भएको गजलमा मायाको स्वार्थीपन माथि व्यङग्य पाइन्छ । 'मुहार राम्रो हुदैमा' नामक गजलमा मुहार राम्रो भएर मात्र मान्छे जाती नहुने भाव व्यक्त गरेका छन । मुखले राम्ररी नबोल्दैमा मात्र साथी बैरी हुन नसक्ने विचार गजलकार को पाइन्छ । 'स्वतन्त्र भै मलाई ..........' नामक गजलमा माया प्रिती गास्न देउ भन्ने भाव पाइन्छ । दिन रात तिम्रै लागि तड्पिरहेको छु अब विवाह बन्धनमा बाधिउ भन्ने आग्रह गजलकारको छ ।

यस गजल सङ्ग्रहमा श्रृङगार रसको अधिक प्रयोग पाइन्छ । कतिपय गजलमा लोकलयको प्रयोग भएको पाइन्छ ।

## ४.४ खण्डकाव्य

सु.प. साहित्य समाजले खण्डकाव्यको प्रकाशन गरेको छ । ती प्रकाशित खण्डकाव्यहरू यस प्रकार छन :-

### ४.४.१ सावधान नयाँ युग आउदैछ (२०५७)

'सावधान नयाँ युग आउदैछ' (२०५७) खण्डकाव्यका रचयिता निर्मलकुमार भण्डारी 'भ्रमित' हुन । उनको जन्म वि.सं. २०१३ मा डोटीको जोरायल बेल्टुक्रा भन्ने गाँऊमा भएको थियो । यिनले प्रमाणपत्र सम्मको शिक्षा हासिल गरेका छन । यिनका 'कर्तव्यबोध' कविता सङ्ग्रह (२०५२), 'चेलीबेटीको वह व्यथा र विलौना' (२०५२), 'सावधान नयाँ युग आउदैछ' (२०५७), 'आरोग्य सन्देश सतक' (२०६०), 'विरेन्द्र' शोककाव्य लगायतका कृतिहरू प्रकाशित छन । यिनी 'विद्यार्थी साहित्य पुरस्कार' (२०६०), कैलाली बहुमुखी क्याम्पस 'राष्टिय शिक्षक पुरस्कार' (२०४८), जि.वि.सं. डोटीबाट २ पटक पुरस्कार प्राप्त रेडियो नेपाल लगायत विभिन्न क्षेत्रबाट सम्मानित छन । हाल यिनी शिक्षक पेशामा संलग्न रहेका छन् ।

'सावधान नयाँ युग आउदैछ' खण्डकाव्यमा १९ अक्षरे शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । सबै श्लोकहरूमा चार चार पाउ (हरफ) छन । अन्त्यानुप्रासको प्रयोग गरिएकोले लयगत मधुरता सबै श्लोकमा पाइन्छ ।

यस खण्डकाव्यमा मानवलाई नैतिकतातिर लाग्न आग्रह गरिएको छ । कुकार्य कहिल्यै गर्नुहुदैन भन्ने विचार व्यक्त गरिएको छ । लाखौलाख निकृष्टतम् जीवयोनिमा जन्म लिइसकेपछि बल्लतल्ल प्राप्त यो दुर्लभ मानव जीवनमा केही सत्कार्य अवश्य गरौ र यस जीवनलाई सार्थक र मूल्यवान बनाउनतिर चेतनशील मानिसलाई समर्पित गराऔ भन्ने भाव व्यक्त गरेका छन । केही सत्कार्य गरेमा मात्र अरूको निम्ति अनुकरणीय जीवन जीउन सकिन्छ अन्यथा पुनः चौरासीकै विकट मोड र उकाली, ओरालीहरूमा पथभ्रमित हुनु शिवाय अन्य केही हात लाग्दैन भन्ने जस्ता उपदेश यस खण्डकाव्यका विषयबस्तु हुन । आफुलाई चेतनशील बनाउन चाहने मानिसले आज आफ्नो सभ्यता, संस्कृति, पुरातन संस्कार, लोकमान्यता र आर्दशलाई बिर्सीरहेको छ । दान ,धर्म, सेवा, सद्भाव, एवं परोपकारीता जस्ता सत्कार्यहरू प्रति विमुख बन्दै गइरहेको छ । लोक जीवनमा व्याप्त यस्ता विसंगतिको चिरफार गर्नु र समाजलाई उन्नति पथतिर लगाउनु नै यस कृतिको मुख्य उद्देश्य हो ।

यस खण्डकाव्यमा सरल र सरस भाषाशैलीको प्रयोग पाइन्छ । तत्सम र तद्भव शव्दको पनि प्रयोग भएको छ । अध्यात्मविनाको जीवन निस्सार हुन्छ भन्ने ठम्याइ पाइन्छ । अध्यात्मसँगै उनका विचारमा आर्दशको झनक पाइन्छ ।

## ४.४.२ सपना (२०६०)

'सपना' खण्डकाव्यका रचयिता जयराज ओझा अभिलाषी हुन । उनको जन्म वि.सं. २०१४ मा डोटीको गड्सेराको भामगाउमा भएको हो । यिनले स्नातक (शास्त्री) सम्मको अध्ययन गरेका छन । यिनी शिक्षण पेशामा संलग्न रहेका छन् ।

यस खण्डकाव्यमा सरलताभित्र जीवनको यर्थाथ बाँच्न सक्ने र नरनारी मिलेर नै राष्टिय समस्या समाधान गर्न सकिन्छ भन्ने भाव पाइन्छ । सपनामा परिसंगको सामान्य संवादमा यस खण्डकाव्यमा राष्ट्रका प्राकृतिक सम्पदाहरूले राष्ट्रको उत्थानमा महत्त्वपूर्ण

भूमिका खेल्न सक्छ भन्ने विचार व्यक्त गरेका छन् । समसामयिक परिवेशका सर्न्दभमा यो खण्डकाव्यले निकै महत्त्वपूर्ण विचार प्रदान गरेको छ । कविका भावनाहरू सपनामा विचरण गरिरहेका हुन्छन् र तिनलाई साकार रूप दिएर यस खण्डकाव्य मार्फत देश र समाजलाई नौलो सन्देश दिनु रहेको छ । देशलाई विकासपथमा अग्रसर भएको र प्राकृतिक सौर्न्दयका साथै वैज्ञानिक उन्नतितिर लम्किएको देख्ने चाहना कविको रहेको छ ।

यस खण्डकाव्यमा १९ अक्षरे शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । तत्सम शव्दहरूको प्रयोग पाइन्छ । यस खण्डकाव्यको आरम्भमा कविले प्रकृतिको शान्त रूपको वर्णन गरेका छन् ।

## ४.४.३ आर्तनाद

'आर्तनाद' (२०६१) खण्डकाव्यका रचयिता दीर्घराज जोशी (रोहित) हुन । जोशीको जन्म वि.सं. २०३० मा बभ्काङको छान्नामा भएको थियो ।

'आर्तनाद' खण्डकाव्यमा कविले स्वार्थको लडाँइ, कुर्सीको मोहले समाजमा आतङ्ै-आतङ्क मच्चिएको र एउटा नेपालीले अर्को नेपालीको रगत चुस्न थालेकोले राष्ट्रिय अस्तित्व नै नष्ट भईरहेको अवस्थाका बारेमा चित्रण गरेका छन । राजनीतिकर्मीहरूको अदूरदर्शिता, विकृत मानसिकताले अन्योल एवं पारस्परिक अविश्वास बढदै गई राष्ट्रमा हत्या, आतङ्क, भष्ट्राचार, दमन, अन्याय, अत्याचार र अणुवमको समेत बर्षा सहन विवश भएको छ भन्ने विचार व्यक्त गरेका छन । समाजका यी तमाम विकृति, विसङ्गतिहरूको अन्त्य गरी नयाँ नयाँ विकास योजनाका कियाशीलतातर्फको अग्रसरता नै आजको निर्विकल्प आवश्यकता हो भन्ने विचार प्रस्तुत खण्डकाव्यमा रहेको पाइन्छ । नेपाली भूमि भौगोलिक पर्यटकीय दृष्टिले समुन्नत र सुमनोरम, प्राकृतिक सम्पदाले परिपूर्ण र भरिपूर्ण जलसम्पदालाई राष्ट्रिय हितमा उपयोगी बनाउन नसकेकोमा दुःख व्यक्त गरेका छन । यस खण्डकाव्यमा कविले जनताका नाममा प्रजातन्त्रको वकालत गर्नेहरूले जनताका आवश्यकता नबुभ्केको पीडा, दुःखलाई विर्सेकोमा व्यङ्गय र विरोध गरेका छन । नेताहरूले ऐस आरामपूर्ण जीवन विताइरहेको तर जनताले भने गासँ, बाँस र कपास जस्तो न्यूनतम आवश्यकता लाई पूरा गर्न नसकिरहेको

अवस्थामा नेताहरू किंकर्तव्यमूढ भएको अवस्थाको चित्रण कविले गरेका छन् । यस खण्डकाव्यमा राष्ट्रियताका नाममा भएका कुकृत्यप्रति कविले व्यङ्ग्य समेत गरेका छन् ।

एकचालीस पृष्ठ भएको यस खण्डकाव्यमा शार्दूलविक्रीडित छन्द र उपजाती छन्दको प्रयोग भएको छ । सबै श्लोकहरूमा चार-चार पाउ (हरफ) रहेका छन् । अन्त्यानुप्रासको प्रयोग सबै श्लोकमा गरिएकोले लयगत मधुरता पाइन्छ । सरल, सरस भाषाशैलीको प्रयोग यस खण्डकाव्यमा भएको छ ।

## ४.५ यात्रा संस्मरण

सु.प. साहित्य समाजले देशभित्र-देशबाहिर शीर्षक भएको एउटा यात्रा संस्मरणको प्रकाशन गरेको छ । यात्रा संस्मरणको संक्षिप्त चर्चा यस प्रकार छ :–

### ४.५.१ देशभित्र-देशबाहिर (२०६०)

देशभित्र-देशबाहिर यात्रा संस्मरणका लेखक नृपबहादुर स्वाँर राजनीतिक र साहित्यमा समान रूपले सक्रिय रहने थुप्रै व्यक्तिहरू मध्ये एक हुन । उनको जन्म अछामको प्रतिष्ठित स्वाँर परिवारमा वि.सं. १९८३ मा भएको हो । नृपबहादुर स्वाँर जीवनको उत्तरार्द्धकालमा साहित्य सिर्जनातर्फ बढी सक्रिय देखिएका थिए । यिनका कृतिहरू साहित्यका विविध विधामा प्रकाशित भएका छन । यिनका प्रकाशित कृति 'सेतीको मन्दिर' (२०४२), कविता सङ्ग्रह, 'गोठाले ठिटो' खण्डकाव्य, (२०५१), 'स्वाँरको चिनारी' (२०४९), वंशावली , 'कुसुमी' (२०५४), 'चिनो' (२०५६), 'कथा व्यथा' (२०५९) उपन्यास र 'देशभित्र-देशबाहिर' यात्रा संस्मरण हुन् । उनले साहित्यमा सेवा गरे वापत 'सु.प.साहित्य पुरस्कार' (२०६०), 'विद्यार्थी साहित्य पुरस्कार' (२०५७) प्राप्त गरेका थिए । यिनको देहान्त (२०६२) मा भएको थियो ।

'देशभित्र-देशबाहिर' (२०६०) साहित्यकार स्वाँरको सबैभन्दा पछिल्लो समयमा प्रकाशित कृति हो । स्वाँरले यस कृतिमा बाल्यकालदेखि प्रौढावस्थासम्म देशभित्र र देशबाहिर रहँदा भोगेका र अनुभव गरेका घटना तथा विषयलाई संस्मरणात्मक रूप दिएका छन् । यस कृतिलाई देशभित्र र देशबाहिर गरी दुई खण्डमा विभाजित गरिएको छ । देशभित्र खण्ड

अर्न्तगत स्वाँरका देशका घटनाहरू र देशबाहिर खण्ड अर्न्तगत बाल्यकालमा भोट जाँदा बस्दाको अनुभव र पछि अमेरिकाको भ्रमण गर्दा संगालेका अनुभव र अनुभूतिलाई यस यात्रा संस्मरणमा संकलित गरेका छन् ।

देशभित्र खण्ड अर्न्तगत 'जलजलेका बासमा', 'साभँमा घरिएको पाहुना देउता समान हुन्छ', 'कालीको किनारै किनार', 'भूर्स्वग खप्तड', 'कर्णालीका तिरैतिर', 'नापानी पौवामा एक रात', 'मौरेको पुलमाथि नरसिहं गिरीको सम्भना', 'तेलेको लेकमाथि', जस्ता गरी आठवटा निबन्धहरू समावेश छन् भने देशबाहिर खण्ड अर्न्तगत 'कुतिको बाटो डिगर्चासम्म', 'आस्था र विश्वासकी देवी दक्षिणकाली' 'सान्फ्रान्सिस्कोदेखि हकल्याण्डसम्म', 'पावेल एक अविस्मरणीय मित्र', पेमा परिवारसंगको परिचय', 'ल्हासाबाट पेमा परिवारको पलायन', 'पावेलको चिडियाखाना', 'नयाँ संसारप्रतिको उत्सुकता', 'उजेली पक्षमा रमाएको पावेलको जीवन', 'पाश्चात्य र हिन्दु संस्कृति बिचको विभेद', 'अधेरी पच्छेमा रमाएको पावेलको जीवन' र 'प्रशान्त सागरमाथि उडेको मन' गरी बाह्रवटा निबन्धहरू समावेश छन् ।

'देशभित्र-देशबाहिर' यात्रा संस्मरण सङ्ग्रहको भाषाशैली सरल छ । आफूले देखे भोगेका कुरालाई सरल र सहज तरिकाले प्रस्तुत गरिएको छ । भावनाको चमत्कार देखाएर आफ्नो जीवनमा अनुभव गरेको जीवन र जगतप्रतिको धारणालाई वैयक्तिक ढङ्गले अभिव्यक्त गरिएको छ । यस सङ्ग्रहमा लेखकले नेपाली भाषिकाका शब्दहरू (घरिएको, टिठाउनु , छकालो) प्रयोग गरेका छन् । विभिन्न ठाउमा हिन्दी र अंग्रेजीका आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ ।

## ४.६ निवन्ध सङ्ग्रह

सु.प.साहित्य समाजले एउटा निबन्ध सङ्ग्रहको प्रकाशन गरेको छ । जसको संक्षिप्त अध्ययन यस प्रकार छ :–

### ४.६.१.नेपालीहरूका ढुकढुकी स्वर्गीय श्री ५ वीरेन्द्र

'नेपालीहरूका ढुकढुकी स्वर्गीय श्री ५ वीरेन्द्र' सु.प. साहित्य समाजबाट (२०६०) सालमा प्रकाशित महादेव अधिकारीको एकल निबन्ध सङ्ग्रह हो । पेशागत रूपले सैनिक

सेवामा रहेका अधिकारीको जन्म वि.सं.२०२४ साल मंसिर १६ गते तनहुको घलेधापमा भएको हो । तनहुँबाटै प्रवेशिकासम्मको औपचारिक शिक्षा पुरा गरेका अधिकारीको बन्दुक समाउने हातहरू भित्रको साहित्यिक सचेतना उनका निबन्धहरूबाट प्रस्फुटित भएको छ । उनी भित्रको साहित्यिक चाहना पेशागत रूपले सुदूरपश्चिमाञ्चलमा पुग्दा त्यहाँको साहित्यिक संगतले प्रस्फुटन हुन गएको कुरा उनले आफ्नो निबन्ध सङ्ग्रहमा प्रष्ट पारेका छन् ।

यस निबन्ध सङ्ग्रहमा १९ वटा निबन्धहरू रहेका छन् । 'नेपालीहरूको ढुकढुकी स्व. श्री ५ वीरेन्द्र' यस सङ्ग्रहको शीर्षकगत निबन्ध हो । पेशा अनुसारको राजभक्ति, देशभक्ति साथै राष्ट्र र राष्ट्रिय व्यक्तित्वको जीवनीको मर्यादापूर्ण विवेचना यस निबन्धको विषयवस्तु रहेको छ । 'दन्त्य कथाका स्रष्टामा श्रद्वान्जली' निबन्धमा कथाका संकलनकर्ता बोध विक्रम अधिकारीको चिनारी र उनको योगदानको विवेचना रहेको छ । 'कसरी रह्यो तनहु नाम', 'हलो क्रान्ति' 'कमैया मुक्तिमा प्रजातान्त्रिक सरकार' आदिमा देशका समसामयिक घटनालाई आधार बनाइएको छ । 'कर्म योद्वा भित्र नियाल्दा' 'एक कुशल प्रशासक नर बहादुर' यस निबन्ध सङ्ग्रहका उल्लेखनीय निबन्ध हुन् ।

कर्मठ हातहरूबाट पनि बौद्धिकता प्रष्ट हुन्छ भन्ने कुरा उनको निबन्ध सङ्ग्रहले प्रष्ट पारेको छ । सैनिक सेवा र पेशामा रहेपनि उनको साहित्यप्रतिको चाहनाका साथै विधागत सचेतनापूर्ण लेखाइ प्रशंसनीय पक्ष हुन् । अधिकारीले निबन्ध दुई प्रकारका ( परात्मक , निजात्मक) हुन्छन् भनेका छन् । उनले कहि कतै कृतिगत निबन्ध पनि हुनसक्ने विचार व्यक्त गरेका छन् ।

यस निबन्ध सङ्ग्रहमा संकलित १९ वटा निबन्धमा सरल, सरस भाषाशैलीको प्रयोग गरिएको छ । आफ्ना भावनालाई मार्मिक ढङ्गले व्यक्त गर्न सक्नु नै यस निबन्ध सङ्ग्रहको महत्त्वपूर्ण पक्ष हो ।

## ४.७ मुखपत्र

सु.प. क्षेत्रको भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन गर्दै आएको सु.प. सा.स. ले मुखपत्र 'सुरभि' को प्रकाशन गरेर यस क्षेत्रमा लुकेर रहेको संस्कृतिलाई बाह्य

क्षेत्रसम्म परिचित बनाउन सफल भएको छ । सु.प.का सांस्कृतिक वैभवका रूपमा विद्यमान देवालयहरू, लोकसाहित्यका रूपमा रहेका फाग, चैत, धमारी, 'सुरभि' सफल भएको छ । यसैगरी सु.प. क्षेत्रमा रहेका नारीको अवस्था र नारीमाथि हुन गरेका दमन, शोषण आदि अवस्थाको चित्रण गर्ने लेख, रचना पनि 'सुरभि' मा प्रकाशन हुँदै आएका छन् । यस्ता किसिमका लेख, रचनाले सामाजिक सुधारका पक्षमा केही हदसम्म जनचेतना फैलाउने कार्य गरेको छ ।

'सुरभि' अंक २, पूर्णाङ्क ४ लाई बीरेन्द्र बीर विक्रम शाहदेवको गद्दी आरोहण महोत्सव अङ्क (२०५३) का रूपमा प्रकाशन गर्नु, अंक ८ लाई गौरा विशेष (२०६१) का रपमा प्रकाशन गर्नु सु.प.सा.स.का महत्त्वपूर्ण कार्य हुन् ।

सु.प. साहित्य समाजले स्थापनाकालदेखि मुखपत्र प्रकाशन गर्दै आएको भएपनि विविध समस्याका कारण आफनो लक्ष्य अनुरूप प्रकाशन गर्न सकेको छैन । साहित्य समाज स्थापना भएको १५ वर्ष पुरा भएपनि हालसम्म ८ अङ्क मात्र मुखपत्र प्रकाशन भएका छन । पछिका दिनमा मुखपत्रको प्रकाशन एकदमै शिथिल भएको पाइन्छ ।

'सुरभि' का प्रकाशनले त्यस क्षेत्रमा रहेका स्रष्टाका प्रतिभालाई 'सुरभि' मार्फत सबैका सामु प्रदर्शित गर्न सफल भएको छ ।

२. सु.प.सा.स.को मुखपत्र 'सुरभि' मा मात्रै पनि शोधकार्य हुनसक्ने भएकाले यस शोधपत्रमा 'सुरभि' (मुखपत्र) का बारेमा सामान्य सर्वेक्षण मात्रै गरिएको छ ।

## ४.७.१ 'सुरभि' (अङ्क १)

'सुरभि' अङ्क १ को प्रकाशन सु.प. साहित्य समाजले २०५२ वैशाखमा गरेको हो । 'सुरभि' अङ्क १ का सम्पादक मण्डल निम्न अनुसार छन :–

| | |
|---|---|
| गुणाकर भट्ट | सम्पादक |
| बासुदेव पाण्डेय | सम्पादक |
| पद्यकान्त जोशी | सम्पादक |

डिल्लीराज फुलारा सम्पादक

'सुरभि' अङ्क १ मा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् :–

| **क.स.** | **शीर्षक** | **लेखक** |
|---|---|---|
| १ | हाम्रो संस्कृति | नेत्रप्रसाद पनेरु |
| २ | सुदूर पश्चिमाञ्चलमा धर्म र देवी देवता | डा. देवीप्रसाद ओझा |
| ३ | सुदूर पश्चिमेली भाषिकाको सुक्ष्म अवलोकन | डिल्लीराज फुलारा |
| ४ | उठ । छावा उठ । | बालमुकुन्द जोशी |
| ५ | लोक साहित्यको भण्डार डोटी डडेल्धुरा | विनोद भट्टराई |
| ६ | थलारा कोटको जात्रा एकझलक | गजेन्द्रबहादुर सिंह |
| ७ | धार्मिक चिन्तन | नन्दराम पाण्डेय |
| ८ | भाट भटिनीको कथा | देवकान्त पन्त |
| ९ | महा समुन्द्र एक चिसो संस्मरण | देवराज जोशी |
| १० | हिन्दुधर्म र नेपालको संविधान एकचर्चा | जयदेव आर्चाय |
| ११ | प्रतिभाको प्रतित्यसमुत्पाद | विश्वास कुँवर |
| १२ | नयाँ श्यामको उद्घाटन | नरपति पाण्डेय |
| १३ | रहरको जिन्दगी | नारायण लम्साल |
| १४ | माङ्गलको तार्त्पय र महत्त्व | बद्री शर्मा |
| १५ | ओजनतहको विनास एक खतरा | यज्ञराज पन्त |
| १६ | प्रसङगवश | गुणाकर भट्ट |
| १७ | अर्ध बार्षिक राशीफल | ज्यो. मनिराज जोशी |

**संकलन**

| | | |
|---|---|---|
| १ | महान साहित्यकारका बानीहरू | मेघनाथ खनाल |
| २ | हामरी गाँउ खानेई बात | बेदप्रकाश मुडभरी |
| ३ | हाम्रा १०८ उपनिषदहरू | वासुदेव पाण्डेय |
| ४ | केही जानकारी | नवराज ओझा |
| ५ | के तपाईलाई थाहा छ ? | कृष्णराज भट्ट |

६ समाचार भित्रका समाचार

## कविता


| | | |
|---|---|---|
| १ | सुरभि सन्देश | वासुदेव पाण्डेय |
| २ | एउटै हुनुपर्छ | अर्जुनविलास पन्त |
| ३. | शीर्षक विहीन | राम बहादुर चन्द |
| ४. | याद पत्रहरू | विजय ओझा |
| ५. | मुटुहरू रुनुपर्छ | गणेश श्रेष्ठ |
| ६. | बसन्त विम्रो शुभ आगनैमा | कृष्ण पनेरु |
| ७. | गजल | श्रेष्ठ प्रिया |
| ८. | संसार मतलबी | चक्र बहादुर बोगटी |
| ९. | बसन्त माधुरी | भालचन्द्र ब्रम्हगोल |
| १०. | सालियाना सुद्द दण्ड | स्व.एन.डी.'प्रकाश' |
| ११. | गजल | घनश्याम न्यापाने |
| १२. | स्वच्छ प्रीति रहोस् | शान्तनुलाल श्रेष्ठ |
| १३. | आशु पोखी नदिनु | कमल जोशी |
| १४. | साहित्य वाटिका | यज्ञराज जोशी |
| १५. | तीन टुक्रा | सजय पन्त |
| १६. | दूरीको नवीकरण | विवश देवान |
| १७. | गजल | कृष्ण वेहोशी |
| १८. | मेरो डोटी मसंग माग्छ | कृष्णराज भट्ट |
| १९. | विद्या | देवराज आर्चाय |
| २०. | जाग नेपाली | गोकुलराज जोशी |
| २१. | शुभकामना | दीनानाथ भट्ट |
| २२. | व्यर्थ खोजे | हेमराज पाण्डेय |
| २३. | माटो | देवराज पाण्डेय |

## ४.७.२ 'सुरभि' (अङ्क २)

'सुरभि' अङ्क २ को प्रकाशन २०५२ साल शरदाङ्कमा भएको थियो । यस 'सुरभि' अङ्क २ का सम्पादक मण्डल निम्न अनुसार रहेको छ :–

**प्रधान सम्पादक**

नवराज ओझा

**सम्पादक**

गुणाकर भट्ट

डिल्लीराज फुलारा

पदमकान्त जोशी

यज्ञराज जोशी

बासुदेव पाण्डेय

'सुरभि' अङ्क २ मा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् : –

कविता/लोक लहर

| **क्र.स.** | **शीर्षक** | **लेखक** |
|---|---|---|
| १. | वन्दना सुरभिको | वासुदेव पाण्डेय |
| २. | सुण इजाकी अर्ति | पुष्पराज पाण्डेय |
| ३. | धर्तीमाता | निर्मल कु. भण्डारी |
| ४. | परिधिभित्र | लोकेश 'त्यागी' |
| ५. | चिन्ता ज्वर | कृष्ण पनेरु |
| ६. | देशको माटो | नृप ब. स्वाँर |
| ७. | कसैगरी आउनु पर्छ | अर्जुन विलास पन्त |
| ८. | म तिम्रै प्रीत | प्रकाश भण्डारी |
| ९. | मानव भित्रको 'म' | भालचन्द्र ब्रहमगोल |
| १०. | सम्प्रेषित अवबोध | विवश देवान |

११. डेउडा गीत — मदन वैरागी

१२. जीवन परिवेश — कमल जोशी

१३. मेरा आस्थाका विम्वहरू — कृष्णराज भट्ट

**गजल/मुक्तक /अन्य पद्य**

१. गजल — श्रेष्ठ प्रिया 'पत्थर'

२. गजल — कृष्ण 'बेहोशी'

३. मुक्तक — विश्वास कुँवर

४. शुभाशुभ — चक्र ब. बोगटी

**धर्म/संस्कृति/इतिहास/सङ्कलन**

१. दिलीप नगरादि तीर्थ वर्णनम् — स्व. पदमनाभ ओझा

२. देउहार — जोखन रतगैया

३. सु.प.को गौरापर्व बारे... — भ.द. 'शास्त्री' चटौत

४. ऐतिहासिक लोककाव्य शाही कर्णको चैत — देवकान्त पन्त

५. बृद्ध गङ्गा महात्म्यम् — मनिराज जोशी

६. माङ्गलको वर्गीकरण — बद्री शर्मा

७. वैदिक वाङ्मयको संक्षिप्त रूपरेखा — विनोद भट्टराई

८. गतांक पृष्ठ ६५ को बाँकी — नवराज ओझा

**स्थायी स्तम्भ**

१. प्रसङ्गवश — गुणाकर भट्ट

**चिन्तन/लेख/निबन्ध/कथा**

१. मोती — विजय ओझा

२. परिवर्तन — जयदेव पाण्डेय

३. सन्तान थरिथरिका — मोहनीलाल पाण्डेय

४. आचरण — लाल बहादुर शाह

५. मानव समाज भित्रको विकृति हिंसां — यज्ञराज जोशी

६. धार्मिक चिन्तन — नन्दराम पाण्डेय

**सुझाव विद्वानको**

| | |
|---|---|
| १. जातीय उत्थानतिर एक पाइला | गोपाल प्र. जोशी |

**सम्वन्धित केही तथ्यांक**

१. सुदूर पश्चिमाञ्चल साहित्य समाजका आजीवन सदस्यहरूको नामावली ।

२. वि. स. २०५२ को साहित्य पुरस्कार पाँउने व्यक्तिहरू ।

## ४.७.३. 'सुरभि' (अङ्क ३)

'सुरभि' अङ्क ३ को प्रकाशन २०५३ मा भएको हो । यस 'सुरभि' अङ्क ३ को सम्पादक मण्डल निम्न अनुसार छ :–

**प्रधान सम्पादक**

नवराज ओझा

**कार्यकारी सम्पादक**

बासुदेव पाण्डेय

सम्पादन सहयोगी

यज्ञराज यात्री

कमलपति जोशी

**सल्लाहकार**

दीनानाथ भट्ट

बद्री शर्मा

'सुरभि' अङ्क ३ मा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् :–

**कविता/गजल/मुक्तक**

| **क्र.स.** | **शीर्षक** | **लेखक** |
|---|---|---|
| १. | सुरभिको आमन्त्रण | वासुदेव पाण्डेय |
| २. | युवती | मनोहर अधिकारी |
| ३. | रिक्सा चालकको एउटा कविता | सुविद गुरागाई |

| | | |
|---|---|---|
| ४. | गजल | सीताराम भट्ट |
| ५. | राष्ट्र प्रति हाम्रो कर्तव्य | निर्मल कु. भण्डारी |
| ६. | गजल | श्रेष्ठ प्रिया पत्थर |
| ७. | दुब्लो नियाँ | भालचन्द्र 'ब्रह्मगोल' |
| ८. | मेरो यादमा | एन.डी.'प्रकाश' |
| ९. | गजल | टीकाराम 'उदासी' |
| १०. | लोकलहरी उत्तम प्रश्नोत्तर | चक्र ब. बोगटी |
| ११. | मुक्तक | रमेश चन्द्र घिमिरे |
| १२. | अच्यालकी चेली | पुष्पराज पाण्डेय |
| १३. | परदेशी | भूमिराज जोशी |
| १४. | अशोज | लक्ष्मी प्र. उपाध्याय |
| १५. | मेरो हिमाल | मनिराज जोशी |
| १६. | मान्छे, मान्छेमा | विभक्त कमल जोशी |
| १७. | भोक | नरपति पाण्डेय |
| १८. | नयाँ बर्ष | शान्तनुलाल श्रेष्ठ |
| १९. | धनगढीको हाँक | तोया गौतम |
| २०. | कर्तव्य | देवराज पाण्डेय |
| २१. | माछापुच्छ्रे र पोखरा | अर्जुन विलाश पन्त |
| २२. | मुक्तक | श्री इन्दिरा |

आवरण चित्रः श्री शैलेश्वरी मन्दिर सिलगढी, डोटी ।

**लेख, निबन्ध**

| | | |
|---|---|---|
| १ | डोटीको सांस्कृतिक सम्पदाःशैलेश्वरी | रामचन्द्र भट्ट |
| २. | श्री मालिका | यज्ञराज जोशी |
| ३. | साहित्य र संगीतको सम्बन्धमा | केदार प्रसाद श्रेष्ठ |
| ४. | सुरभि(एक चिन्तन) | रुद्रलाल जोशी |
| ५. | स्वस्तिवाचनको सामीप्यतामा सगुन | बद्री शर्मा |

| | | |
|---|---|---|
| ६. | भागेश्वरको ढुस्को | देवकान्त पन्त |
| ७. | पश्चिमी नेपाल | तेज ब. 'शशी' |
| ८. | संस्कृति | मेघनाथ खनाल |
| ९. | जीवात्मा के ? | नन्दराम पाण्डेय |
| १०. | बैतडीको बैनी भेट्टया चलन | मदन बैरागी |
| ११. | धामी, तिनले प्रयोग गर्ने केही शब्द | पद्मकान्त जोशी |
| १२. | हामी भ्रमको जिन्दगी बाँचेका हुन्छौं | हरि बन्दी |
| १३. | समाधान | जयदेव पाण्डेय |
| १४. | डोटेली उखानहरू | तोयानाथ जोशी |
| १५. | मानवतावाद हिजो, आज र भोलि | गजेन्द्र ब.सिहं |
| १६. | डडेल्धुरा जिल्लाका गाउतिर प्रयोगहुने केही शब्द | अज्ञात |
| १७. | तरुणी भित्रको तरुण | लोकेन्द्र ब. चन्द |
| १८. | पापिनी इजा | रामलाल जोशी |
| १९. | खपर्‍या बध | महेन्द्रदत्त पाण्डेय |
| २०. | सफलताका कुंजी.... | यज्ञमूर्ति अर्याल |
| २१. | साहित्यकारको परिचय | |
| २२. | प्रसंगबश | गुणाकर भट्ट |

## ४.७.४ सुरभि अङ्क ४

'सुरभि' अङ्क ४ को प्रकाशन २०५३ सालमा भएको हो । अङ्क ४ लाई श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको गद्दी आरोहण रजत वर्ष विशेषाङ्कका रूपमा प्रकाशन गरिएको हो । अङ्क ४ को सम्पादक मण्डल निम्न अनुसार छ :–

**प्रधान सम्पादक**

नवराज ओभा

**कार्यकारी सम्पादक**

बासुदेव पाण्डेय

**सल्लाहकार**

दीनानाथ भट्ट

बद्री प्रसाद शर्मा

'सुरभि' अङ्क ४ मा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् :–

**कविता/गजल/मुक्तक**

| क्र.स. | शीर्षक | रचयिता |
|---|---|---|
| १. | राष्ट्रिय स्नेह र श्रद्धाका... | निर्मल कु. भण्डारी |
| २. | संगम | भ.द. शास्त्री |
| ३. | धृष्टता | कृष्ण पनेरु |
| ४. | मेरी ब्वारीका ढंग | पुष्पराज पाण्डेय |
| ५. | भत्केका स्तम्भहरू | कैलाश कु. पाण्डेय |
| ६. | म जान्दैन | पूर्णानन्द भट्ट |
| ७. | नेपाल हाम्रो गौरव | शान्तनुलाल श्रेष्ठ |
| ८. | आउ हामी ..परेवा उडाऔं | कमल जोशी |
| ९. | शुन्य भित्रको शुन्य | मदन वैरागी |
| १०. | मानव तन | पुष्पा श्रीवास्तव |
| ११. | वसन्त माधुरी | भालचन्द्र ब्रह्मगोल |

**लेख, निबन्ध**

| | | |
|---|---|---|
| १. | राजतन्त्रको परम्परा र सम्वैधानिक राजा | रामचन्द्र भट्ट |
| २. | श्री जगन्नाथ मन्दिर –छोटो चिनारी | जगन्नाथ पाण्डेय |
| ३. | जीवनको उद्देश्य शाश्वत शान्ति | नन्दराम पाण्डेय |
| ४. | हाम्रो सशक्त परिचायक सु.प.सा.स. | कृष्ण भट्ट |
| ५. | खप्तड पर्वतको पौराणिक वर्णन | देवकान्त पन्त |

| | | |
|---|---|---|
| ६. | सुदूर पश्चिमको तपोवन ज्वाला | लक्ष्मी प्र. उपाध्याय |
| ७. | जाँतः डोटेली योग निष्ठा | नेत्र प्र.पनेरु |
| ८. | श्री ५  वीरेन्द्र र नेपालको राजसंस्था | गुणाकर भट्ट |
| ९. | स्याल काटीयाको ...नाम | सेर काटीया |
| १० | डोटेली भैलो | एकराज भट्ट |
| ११. | श्री शमैजी (गोलादेउ) को...चिनारी | यज्ञराज जोशी |
| १२. | श्री संमैजी देवता एक जानकारी | हरिप्रसाद पाण्डेय |
| १३. | अनुभुतिका तीन उच्छलन | माधव वियोगी |
| १४. | खेचराद्री देखि खप्तडसम्म | नवराज ओझा |

### ४.७.५ 'सुरभि' अङ्क ५

'सुरभि' अङ्क ५ को प्रकाशन २०५६ दशै–दीपावलीका अवसरमा गरिएको हो । अङ्क ५को सम्पादक मण्डल निम्न अनुसार छ :–

**सम्पादक मण्डल**

बासुदेव पाण्डेय

माधव वियोगी

भालचन्द्र 'ब्रह्मगोल'

'सुरभि' अङ्क ५ मा प्रकाशित लेख रचनाहरू यसप्रकार छन् :–

**कविता/गीत/गजल/मुक्तक**

| क. स. | शीर्षक | लेखक |
|---|---|---|
| १. | भगवती वन्दना | वासुदेव पाण्डेय |
| २. | निर्धन र रोगी शिशु | पूर्णानन्द भट्ट |
| ३. | वसन्तागमन | रामकृष्ण भट्ट |
| ४. | गीत | बाबा न्यौपाने |
| ५. | परिचय | निर्मल कु.भण्डारी |

| | | |
|---|---|---|
| ६. | यो वेदना सुन्छ को | मनिराज जोशी |
| ७. | सुरभि वन्दना | यज्ञराज यात्री |
| ८. | शहीदप्रति | जयराज ओझा |
| ९. | पहाडकी समराइ | सुभाषचन्द्र भण्डारी |
| १०. | गजल | कृष्णसिंह पेला |
| ११. | गजल | कृष्ण पनेरु |
| १२. | गजल | के.आर.कोइराला |
| १३. | गजल | नरेन्द्र अन्जान |
| १४. | कविजी | शान्तनुलाल श्रेष्ठ |
| १५. | शिक्षक डगर | रामचरण चौधरी |
| १६. | बुढा बढी बोल्छन | बालमुकुन्द जोशी |
| १७. | म कति बेला पो भ्रमर बनेछु | कृष्णराज भट्ट |
| १८. | अध्यात्म के हो ? | दीनानाथ भट्ट |
| १९. | साहित्य के हो ? | नवराज ओझा |
| २०. | सामाजिक चेतना | लाल ब. रावल |
| २१. | शारदी सन्देश | रामप्रसाद दोरंगा |
| २२. | गजल | खगेन्द्र गिरी |
| २३. | सिर्जनाले जिन्दगी सजाऔं | टी. एन. जोशी |
| २४. | फुटपाथको जीवन | राम ब. बोगटी |

**कथा/लेख/निबन्ध**

| | | |
|---|---|---|
| १. | नैनादेवीको ऐतिहासिक महत्त्व | प्राज्ञ. डा.देवी प्र. ओझा |
| २. | डोटी सिलगढी | पं.डा.रामचन्द्र भट्ट |
| ३. | डेउडाको संरचनात्मक विश्लेषण | नेत्र प्र. पनेरु |
| ४. | बैतडीको त्रिपुरासुन्दरी | विनोद भट्टराई |
| ५. | सांस्कृतिक पेटारो भित्र पुतला खेल | महादेव जोशी |
| ६. | नफूलेको फूलभित्र....भावभिव्यञ्जन | नारायण प्र. पाण्डे |

| | | |
|---|---|---|
| ७. | नौ धार्नी सुनको कथा | दीप ब. खड्का |
| ८. | जोगेनीको जीवनलीला | पद्मराज जोशी |
| ९. | लेक्चरर बन्न सकून् मेरी साम्राज्ञी | रामलाल जोशी |
| १०. | कवि घटराज....र जयबाल शोककाव्य | माधव वियोगी |
| ११. | कला साहित्य र संस्कृति | गोकुलराज जोशी |

**मित्र मित्रता (हिन्दी)**

| | | |
|---|---|---|
| १. | है हृद्वयस्पर्शी नेपाली कविता (लेख) | अवधेश कुमार शुक्ला |
| २. | विधवा (कविता) | डा.सुनीलकुमार मिश्र |
| ३. | तीन मुक्तक | राजकिशोर पाण्डेय |

**सु.प.सा.स. को गतिविधि**

समाचार भित्रका समाचार (विविध)

आजीवन सदस्यहरूको नामावली

**कार्यपत्र**

देवकान्त पन्त, बासुदेव भाइसाव

## ४.७.६. 'सुरभि' अङ्क ६

'सुरभि' अङ्क ६ को प्रकाशन २०५६ दशै–दीपावलीको अवसरमा गरिएको हो । अङ्क ६ को सम्पादक मण्डल निम्न अनुसार छन् :–

**सम्पादक मण्डल**

वासुदेव पाण्डेय

भालचन्द्र भण्डारी

पद्मराज जोशी

टी.एन. जोशी

'सुरभि' अङ्क ६ मा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् :–

| **क.स.** | **शीर्षक** | **लेखक** |
|---|---|---|
| १. | वाटिका | पूर्णानन्द भट्ट |

| | | |
|---|---|---|
| २. | देलबालो | प.ज्योति प्रकाश जोशी |
| ३. | भानुलाई पत्र | नरेन्द्रराज पौडेल |
| ४. | मेरोपन के हो ? | भ.द.शास्त्री |
| ५. | सर्वोच्च मालिका | यज्ञराज यात्री |
| ६. | सुरभि सागर | भालचन्द्र भण्डारी |
| ७. | मेरा अराजक कविताहरू | श्रेष्ठ प्रिया |
| ८. | मलाई.....देश चाहिन्छ | सृजन लम्साल |
| ९. | 'म' मेरो....आँखामा | सुभाषचन्द्र भण्डारी |
| १०. | सत्य प्रवचन | रामकृष्ण भट्ट |
| ११. | क्या तीर्थ यो हैंवन र ? | मदन पल्याल |
| १२. | मान्छे हो देवतासरि | निर्मल कु. भण्डारी |
| १३. | विज्ञापन | मेघनाथ खनाल |
| १४. | अति भैसकेछ | गोपाल ब. ऐर |
| १५. | सत्काव्य | दीनानाथ भट्ट |
| १६. | सगरमाथाको मेरो यात्रा | मनोहर लामिछाने |
| १७. | शुभकामना सुरभिप्रति | विष्णुभक्त जोशी |
| १८. | मांगलिक पद | वेणीमाधव भट्ट |
| १९. | डाकेर बोलाउन | कृष्ण पनेरु |
| २०. | गजल | नरेन्द्र अन्जान |
| २१. | अन्जान तिमी | टीका प्रसाद भण्डारी |
| २२. | गजल | कृष्णप्रसाद भट्ट |
| २३. | छोरीको पीर | राधाकुमारी बोहरा |
| २४. | नेपाल वर्वाद छ | मनिराज जोशी |
| २५. | सुदूर महिमा | पद्मराज जोशी |
| २६. | तिम्रो यादमा | टी.एन.जोशी |
| २७. | वेश्या | शम्भुराज जोशी |
| २८. | हामी नेपाली | शान्तनुलाल श्रेष्ठ |

२९. विचार नन्दराम पाण्डेय

३०. मान्छे न हुँ आखिर ! बासुदेव पाण्डेय


**गद्य खण्ड**


१. अनुभूत सत्य प.डा.रामचन्द्र भट्ट

२. भू–स्वर्ग खप्तड नृप ब. स्वाँर

३. सोम, सुरा.... डा.देवीप्रसाद ओझा

४. सनातन हिन्दु धर्म देवराज आचार्य

५. राष्ट्र व्यक्ति....'सपना' भाउपन्थी

६. डोट्याली लोक साहित्य बासुदेव 'भाइसाब'

७. महादेवको अर्को नाम.... हेमराज पन्त

८. एकान्त......सुखको स्वर्ग गणेश जोशी

९. जयन्ती पालको कथा देवराज जोशी

१०. .....जयपृथ्वीबहादुर सिंहं उत्तम ब.सिहं

११. उद्योगे नास्ति दारिद्रम् नवराज ओझा

१२. हाम्रो गोत्र परम्परा विनोद भट्टराई

१३. ...प्रथम....शहीद....'बाकावीर' सुरत ब.शाह

१४. के तँसँग तेरो भूगोल छ ? भोजराज भट्ट

१५. जिजीविषाका कक्षबाट नेत्रप्रसाद पनेरु

१६. नयाँ समाजको खोजी कि ? भट्टराई बन्धु

१७. कुणाई जनअरूँ महादेव जोशी

१८. नवरात्रमा कुमारी पूजन र भेद स.नवराज ओझा

१९. बरका हमार अतवारी व्रत गंगाराम चौधरी

२०. बार्षिक प्रतिवेदन सचिव र कोषाध्यक्ष

२१. प्रकाशकीय सु.प.सा.स.


**मित्र–मित्रता (हिन्दी)**


१. तुम आए तो नागेश पाण्डेय

| | | |
|---|---|---|
| २. | भारत नेपाल मित्रता गीत | श्याम किशोर 'बेचैन' |
| ३. | वर्तमान परिप्रेक्ष में गीतों...तेवर | डा.सुनील शंकर 'निश्छल' |
| ४. | दो मुक्तक | अवधेश कुमार शुक्ल |

## ४.७.७. 'सुरभि' अङ्क ७

'सुरभि' अङ्क ७ को प्रकाशन २०५९ वैशाखमा गरिएको हो । अङ्क ७ को सम्पादक मण्डल यस प्रकार छ :–

**सम्पादक मण्डल**

वासुदेव पाण्डेय (संयोजक)

भालचन्द्र भण्डारी

डिल्लीराज फुलारा

टी.एन.जोशी

रामलाल जोशी

'सुरभि' अङ्क ७ मा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् :–

**गद्य खण्ड**

| **क्र. स.** | **शीर्षक** | **लेखक** |
|---|---|---|
| १. | नेपाली भाषा: नेपाल र भारतका बीच सुसम्वन्धनको कडी | डा. तुलसीप्रसाद भट्टराई |
| २. | वाल साहित्यको विकासमा अभिभावकको भूमिका | प.गोपालप्रसाद जोशी |
| ३. | डोटेली विभक्ति संरचना | नेत्रप्रसाद पनेरु |
| ४. | धनगढी साहित्य भेला:एक संस्करण | पद्मराज जोशी |
| ५. | सन्दर्भ जनपुस्तकालय कैलाली | नृपबहादुर स्वाँर |
| ६. | व्यक्तिवाद र आजको विश्व | महादेव जोशी |
| ७. | जनपक्षीय साहित्यले समाज परिवर्तन | मनोहर लामिछाने |

| | | |
|---|---|---|
| ८. | सुरभि पश्चिमको साहित्यिक सुवासको उत्तम नमूना | नारायणप्रसाद शर्मा |
| ९. | चरितार्थमा झिनो आशा | महादेव अधिकारी |
| १०. | श्री पशुपति तथा काफली केदार | मेघराज शर्मा |
| ११. | मेरा पिताजी र मेरो देश | गणेशकुमार श्रेष्ठ |
| १२. | मान्छेको मोल (कथा) | डिल्लीराज फुलारा |
| १३. | सामाजिक सांस्कृतिक....जनचेतना | लाल बन्जाडे |
| १४. | टीकापुर विकास...अहिलेको अपेक्षा | सुरत ब.शाह |
| १५. | सिमाना काटुँ काटुँ जस्तो लाग्यो | गणेश प्र. ओझा |
| १६. | केही डोटेली गाउखाने कथा (वातै) | मनोहर प्र.भण्डारी |
| १७. | निरौलीमा श्री भागेश्वर पूजा.... | दिनराज भण्डारी |
| १८. | हाम्रो समाजमा नारीको महत्त्व | जानकी जोशी |
| १९. | थारु जाति विवाह–एक परिचय | लक्की चौधरी |
| २०. | फोक्सुण्डोको पानीसंग बोल्दा | रामहरि रिजाल |
| २१. | जीवनको लक्ष्य | एकलव्य |
| २२. | बार्षिक प्रतिवेदन | |


**मित्र–मित्रता**


| | | |
|---|---|---|
| १. | जिन्दगी मेरी | अजय शर्मा |
| २. | जागे नयी दिशाये | अवधेश कुमार शुक्ल |
| ३. | झूउका रावपथ | वेदप्रकाश |


**पद्य खण्ड**


| | | |
|---|---|---|
| १. | आमाको पुकार | दीनानाथ भट्ट |
| २. | मातृभाव | बासुदेव पाण्डेय |
| ३. | सुरभि वन्दना | मदन पल्याल |
| ४. | उठन अब ता जीवितहरू | उमाकान्त शास्त्री |

| | | |
|---|---|---|
| ५. | मन चाहना र बुद्धि | कल्पना भट्टराई |
| ६. | फर्के जंगलबाट | मनिराज जोशी |
| ७. | एकाका दुई चेली | आ. ज्योति प्रकाश जोशी |
| ८. | साहित्यको सेरोफेरो | भालचन्द्र भण्डारी |
| ९. | के शान्ति बितेकै हो त ? | दीनानाथ भण्डारी |
| १०. | युवा सन्देश | अज्ञात शर्मा |
| ११. | गजल | नरेन्द्र अन्जान |
| १२. | अघोषित युद्ध लड्छु | कृष्ण पनेरु |
| १३. | आफ्नै छ मौलिकता | गणेशदत्त उपाध्याय |
| १४. | राधा आँशु | निर्मल कु.भण्डारी |
| १५. | भानुभक्तलाई भन्दिनु | जयराज ओझा |
| १६ं | देश सबैभन्दा बेस हो | प्रेम भण्डारी |
| १७. | मान्छेहरू हो सुन ! | सुभाषचन्द्र भण्डारी |
| १८. | गजल | रामलाल जोशी |
| १९. | गजल | श्रेष्ठ प्रिया |
| २०. | जन्मभूमिको पछुतो | खनाल मेघनाथ |
| २१. | सरस्वतीको चैत | एकराज भट्ट |
| २२. | गजल | कृष्णसिहं पेला |
| २३. | बाटोमा सम्झना आँउदा | दिलीप शाह |
| २४. | गजल | खग्रेन्द्र गिरी |
| २५. | आमा | सुभाष गौतम |
| २६. | गरिव | दीपक बेसहारा |
| २७. | आफ्ना पराई भएपछि | हेमन्ती जोशी |
| २८. | निर्लज्ज बीमार | अमर ब. शाही |
| २९. | कल्पनाको तलाउमा | ऋचा लुइटेल |
| ३०. | दुई टुक्रा गजल | टी.एन. जोशी |
| ३१. | साथी अघाडि बढौं | शान्तनुलाल श्रेष्ठ |

| | | |
|---|---|---|
| ३२. | यस्तै गर | तारा प्र. विनाडी |
| ३३. | प्रेम पीडा | गोवर्द्धन पूजा |
| ३४. | पत्थर | राजेन्द्र भट्ट |
| ३५. | शिक्षा यौटा अनमोल धन | वन्दना अवस्थी |
| ३६. | जननी फेरि बुद्ध जन्माऊ | रमेशचन्द्र जोशी |
| ३७. | बाँच र बाँच्न देऊ | यज्ञप्रकाश यात्री |
| ३८. | तर भेटेन | तपराज भट्ट |
| ३९. | अक्षर, शव्द र कविताहरू | कृष्णराज भट्ट |
| ४०. | नआए हुन्थ्यो | मन्जु अवस्थी |
| ४१. | झरना | तुलसी कुमारी भट्ट |

### ४.७.८. 'सुरभि' अङ्क ८

'सुरभि' अङ्क ८ को प्रकाशन २०६१ गौरा विशेषाङ्कका रूपमा गरिएको हो । अङ्क ८ को सम्पादक मण्डल यस प्रकार छ :–

**प्रधान सम्पादक**

डिल्लीराज फुलारा

**सम्पादक**

भालचन्द्र भण्डारी

टी.एन. जोशी

पुष्करराज भट्ट

'सुरभि' अङ्क ८ मा प्रकाशित लेख रचनाहरू यस प्रकार छन् :–

**गौरापर्व सम्वन्धि काव्य रचना**

| **क.स.** | **लेखक** | **शीर्षक** |
|---|---|---|
| १ | मनिराज जोशी | गौरी पञ्चकम् |
| २ | गोविन्दराज पनेरु | गौराजीको आरती |
| ३. | ज्योतिप्रकाश जोशी | श्रीरस्तु गौर्य नमः |

**गौरापर्व सम्वन्धि गद्य रचना**

| | | |
|---|---|---|
| १. | डा.देवीप्रसाद ओझा | गौरा लोकपर्वको.... |
| २. | डा. श्रीधर पन्त | संस्कृति एकताको.... |
| ३. | वासुदेव भाइसाब | डोट्याली भेगमा.... |
| ४. | भालचन्द्र भण्डारी | गौरा मेला २०५८.... |
| ५. | नन्दराम शास्त्री | गौराष्टमी |
| ६. | पद्मराज जोशी | सुदूरपश्चिमाञ्चलका..... |
| ७. | डिल्लीराज फुलारा | हिरादेवीको गमरा |

**लेख/निबन्ध/संस्मरण/जीवनी/टिप्पणी**

| | | |
|---|---|---|
| १. | डा.तुलसी प्रसाद भट्टराई | ल्हासा यात्रा...... |
| २. | तीर्थराज फुलारा | मानव जीवनमा |
| ३. | महादेव जोशी | मानव र शिक्षाको..... |
| ४. | सुरत ब.शाह | डा.तुलसी भट्टराईको.... |
| ५. | मनोहर लामिछाने | जनवादी साहित्य |
| ६. | मेघनाथ खनाल | नवगजलकारलाई |
| ७. | विश्वेरशवरप्रसाद भण्डारी | प्रकृति |
| ८. | दिनराज भण्डारी | वीरभद्र (विष्णुदास) को |
| ९. | टी.एन.जोशी | राष्ट्रकविको.... |

**संस्कृति/इतिहास**

| | | |
|---|---|---|
| १. | नृपबहादुर स्वाँर | अछाम गााजरामा...... |

**गीत/गजल/कविता/मुक्तक/हाइकू**

| | | |
|---|---|---|
| १. | वासुदेव पाण्डेय | सुरभि वन्दना |
| २. | श्रेष्ठ प्रिया पत्थर | गजल |
| ३. | रमेश 'शुभेच्छु' लुइटेल | गजल |
| ४. | कृष्णराज धमला | मुक्तक |

| | | |
|---|---|---|
| ५. | लक्की चौधरी | गजल |
| ६. | रूपा कुसुम | गजल |
| ७. | पुष्प अधिकारी | गजल |
| ८. | सुभाषचन्द्र भण्डारी | विभत्स नेपाल |
| ९. | खग्रेन्द्र गिरी 'कोपिला' | गजल |
| १०. | ऋचा लुइटेल | गजल |
| ११. | जयराज ओझा | जन्मभूमिका रमाइला..... |
| १२. | शान्तनुलाल श्रेष्ठ | तिमी शुद्ध कवि.... |
| १३. | मदन पल्याल | ईजाको दुखेसो |
| १४. | कृष्ण सिहं पेला | जीवन सरिता |
| १५. | अशोक बोहरा | पृथ्वीमा नयाँ..... |
| १६. | पुष्पकुमार शाही | गजल |
| १७. | तपराज भट्ट | मान्छे |
| १८. | अज्ञात शर्मा | माहुरी |
| १९. | दलबहादुर बोगटी | देशको माया |
| २०. | कृष्ण पनेरु | मास्टरजी |
| २१. | दीपक | वर्तमान मौनता |
| २२. | हंशराज विनाडी | आमा |
| २३. | शिवराज योगी | गजल |
| २४. | दीपक बेसहारा | वसन्त |
| २५. | अर्जुन बटाला | गीत |
| २६. | सीताराम भट्ट | छ हाइकु |
| २७. | धनबहादुर कठायत | कसलाई को ठूलो ? |
| २८. | विमला जोशी | नेपालको प्राकृतिक.... |
| २९. | कमल थापा 'सगर' | गीत |
| ३०. | प.कृष्णलाल जोशी | बालक्रिडा |
| ३१. | धनराज गिरी | गजल |

**कथा/लघुकथा**

| | | |
|---|---|---|
| १. | टोपेन्द्र शाह | सम्मान (लघुकथा) |
| २. | पुष्करराज भट्ट | अधुरो जीवनको कथा |

**मनोवाद**

| | | |
|---|---|---|
| १. | अन्जान विनाडी | सत्य प्रतिक्षा |

**कार्यपत्र/प्रतिवेदन**

| | | |
|---|---|---|
| १. | रामबहादुर शाही | महिला बेचबिखन |
| २. | टी.एन.जोशी | सचिवको प्रतिवेदन |
| ३. | भरतराज जोशी | ले.प. प्रतिवेदन |

**संस्थासंग सम्वन्धित जानकारी**

१. आजीवन सदस्य/कार्यसमिति/सल्लाहकार/पुरस्कार/सम्मान/स्वागत/ विदाइ/प्रकाशन/बार्षिक ग्राहक/प्रकाशित एवं विमोचितकृतिहरू/ कार्यक्रमका फोटो झलकहरू आदि ।

## ४.८ निष्कर्ष

सु.प. साहित्य समाजले स्थापनाकालदेखि विविध विधामा कृतिहरू प्रकाशन गर्दै आएको छ । वर्तमान समयसम्म 'देवकान्त पन्त स्मृतिग्रन्थ' (२०५९), 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ' (२०६४), 'साहित्यकार परिचय कोष' (२०६०), 'देश रोएका बेला' (२०६२) 'पत्थरका प्रलापहरू' (२०५९) , 'सूर्जे पनि अस्ताउन मात्रै' (२०६२), 'बाँसुरीका धुनहरू' (२०५८) गजल सङ्ग्रहहरू, 'सावधान नयाँ युग आउदैछ' (२०५७), 'सपना' (२०६०), 'आर्तनाद' (२०६१) खण्डकाव्यहरू, 'देशभित्र-देशबाहिर' (२०६०) यात्रा संस्मरण, 'नेपालीहरूका ढुकढुकी स्वर्गीय श्री ५ वीरेन्द्र' (२०६०) निबन्ध सङ्ग्रह, मुखपत्र 'सुरभि' अङ्क ८ सम्म प्रकाशन गरेको छ। सु.प. साहित्य समाजबाट प्रकाशित यी कृतिहरूले सु.प. क्षेत्रमा लुकेर रहेका भाषा, साहित्य, कला र संस्कृतिलाई बाह्य क्षेत्रसम्म परिचित बनाउदै लगेको छ ।

# पाचौं परिच्छेद

# नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान

सुदूर पश्चिमाञ्चल साहित्य समाज यस क्षेत्रका साहित्यकारहरूको भावना आदान–प्रदान गर्ने साझा चौतारीका रूपमा स्थापित हुन पुगेको छ । विशिष्ट साहित्यकारहरूका विचार आदान–प्रदान गर्ने नवोदित साहित्यकारहरूका प्रतिभा प्रस्फुटन गर्ने र साहित्यिक स्रष्टाहरूलाई एक ठाउँमा भेला गराई सुदूर पश्चिमका परम्परागत एवम् सांस्कृतिक मान्यताहरूलाई जगेर्ना गर्ने माध्यम सु.प.साहित्य समाज बनेको छ । नैतिक मूल्य र मान्यता ह्रास हुदै गएको वर्तमान अवस्थामा साहित्यकारहरूले साहित्यिक रचनाका माध्यमबाट समाजमा व्याप्त विकृतिमाथि व्यङ्ग्य प्रहार गरेका छन् । मानवीय मूल्य र मान्यता जगेर्ना गर्न साहित्यकारहरूले विविध विधामा कृति प्रकाशन गरी समाजमा चेतना फैलाउन अग्रसर भएका छन् ।

नेपाली साहित्यमा सु.प.साहित्य समाजको योगदान बुदाँगत रूपमा यस प्रकार छ :-

## ५.१ कृति प्रकाशन

सु.प. साहित्य समाजले विविध विधामा कृति प्रकाशन गर्दै आएको छ । यस समाजले 'देवकान्त पन्त स्मृति ग्रन्थ', 'नृपबहादुर स्वाँर स्मृति ग्रन्थ', 'साहित्यकार परिचय कोश', 'पत्थरका प्रलापहरू' गजल सङ्ग्रह, 'देश रोएका बेला' गजल सङ्ग्रह, 'सूर्जे पनि अस्ताउन मात्रै' आदि जस्ता गजल सङ्ग्रह , 'सावधान नयाँ युग आउदैछ', 'सपना', 'आर्तनाद' जस्ता खण्डकाव्य, 'देशभित्र–देशबाहिर' यात्रा संस्मरण, 'नेपालीहरूका ढुकढुकी स्वर्गीय श्री ५ वीरेन्द्र' निबन्ध सङ्ग्रहको प्रकाशन गरेको छ । यी कृतिको प्रकाशनले साहित्यकारहरूलाई हौसला प्रदान गर्नुका साथै साहित्यतर्फ थप जागरुक बनाएको छ । सु.प.साहित्य समाजबाट यी कृतिको प्रकाशनले नेपाली साहित्यमा योगदान पुऱ्याएको छ ।

## ५.२ साझा मञ्च

'सु.प.साहित्य समाज' सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका साहित्कारहरूको भावना आदान प्रदान गर्ने साझा मञ्चका रूपमा स्थापित हुन पुगेको छ । 'सु.प.साहित्य समाज'को

स्थापनाले साहित्यकारहरूको लुकेर रहेको प्रतिभा प्रस्फुटन गर्ने अवसर प्राप्त भएको छ । विभिन्न क्षेत्रमा रहेका साहित्यकार र तिनका रचनालाई एकत्रित गर्ने कार्य गरेको छ ।

## ५.३ संस्कृति जगेर्ना

सु.प.विकास क्षेत्रमा रहेका भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गर्ने माध्यम सु.प. साहित्य समाज बनेको छ । सु.प.क्षेत्रका साहित्यकारहरूले यहाँका संस्कृतिका बारेमा विभिन्न कृति लेख, रचना प्रकाशन गर्दै आएका छन् । यस्ता प्रकाशित लेख रचनामध्ये 'सुरभि' अङ्क ५ मा प्रकाशित महादेव जोशीको लेख 'सांस्कृतिक पेटारोभित्र पुतलाखेल' 'सुरभि' अङ्क ३ मा प्रकाशित मदन वैरागीको लेख 'बैतडीको बैनी भेट्टया चलन' र 'सुरभि' अङ्क ८ लाई सुदूर पश्चिमाञ्चलको प्रसिद्ध पर्व 'गौरा विशेष' (२०६१) का रूपमा प्रकाशन गर्नु आदि हुन् । यस किसिमका संस्कृति झल्काउने लेखहरूको प्रकाशनले यस क्षेत्रको संस्कृति जगेर्ना गर्नुका साथै यहाँको संस्कृतिलाई बाह्य स्तरसम्म प्रचार प्रसार गर्न सहयोग पुऱ्याएको छ र नेपाली साहित्यमा पनि योगदान पुर्‍याएको छ ।

## ५.४ क्षेत्रीय भाषाको संरक्षण

सु.प.साहित्य समाजबाट प्रकाशित मुखपत्रहरूमा सु.प.क्षेत्रका साहित्यकारहरूका लेख रचनाहरू क्षेत्रीय भाषामा पनि प्रकाशन हुदै आएका छन् । क्षेत्रीय भाषामा प्रकाशित रचनाहरू 'सुरभि'अङ्क ३ मा प्रकाशित रामलाल जोशीको लेख 'पापिनी इजा', सोही अङ्कमा प्रकाशित पुष्पराज पाण्डेयको कविता 'अच्यालकी चेली', सुरभि अंक ६ मा प्रकाशित महादेव जोशीको लेख 'कुणाई जनहरूँ' आदि हुन् । यस्ता प्रकाशित लेख रचनाहरूले यस क्षेत्रको क्षेत्रीय भाषाको संरक्षण र प्रचार हुनुका साथै नेपाली साहित्यमा पनि योगदान पुऱ्याएको छ ।

## ५.५ साहित्यका माध्यमबाट सामाजिक सुधार

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र सामाजिक आर्थिक, भौगोलिक आदि विभिन्न किसिमले पिछडिएको क्षेत्र हो । यही कारणले यस क्षेत्रमा जनचेतनाको अभाव रहेको पाइन्छ । जनचेतनाका अभावले समाजमा अन्धविश्वास, कुरिती,बढ्दै गएका छन् । यस्ता घटनाको सोझो प्रभाव नारीहरू माथि पर्न जान्छ । सु.प.साहित्य समाजबाट प्रकाशित विविध कृति, लेख, रचनामा साहित्यकारहरूले सामाजिक सुधारका पक्षमा आवाज उठाएका छन् । यस्ता

लेख, रचनाहरूमा 'सुरभि' अङ्क ७ मा प्रकाशित जानकी जोशीको लेख 'हाम्रो समाजमा नारीको महत्त्व', 'सुरभि' अङ्क २ मा प्रकाशित मोहनीलाल पाण्डेयको लेख 'सन्तान थरिथरिका' आदि हुन् । यी लेखहरूले केही हदसम्म सामाजिक सुधारका लागि जनचेतना फैलाउने काम गरेका छन् भने नेपाली साहित्यमा पनि योगदान पुऱ्याएका छन् ।

## ५.६ राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलन

सु.प.साहित्य समाजले राष्ट्रिय अन्तराष्ट्रिय सम्मेलन गर्दै आएको छ । यस्ता सम्मेलनमा २०५७ फागुन १ देखि ३ सम्म धनगढीमा सु.प. साहित्य समाजले सम्पन्न गरेको 'द्वितीय नेपाल–भारत नेपाली लेखक सम्मेलन', साहित्य समाजकै आयोजनामा सम्पन्न गरिएको '१२ औं राष्ट्रिय सम्मेलन तथा बाल साहित्य भेला' आदि प्रमुख हुन् । यस किसिमका सम्मेलनले यस क्षेत्रको भाषा, साहित्य, कला र संस्कृतिको बाह्यस्तरसम्म प्रचार प्रसार हुनुका साथै नेपाली साहित्यमा पनि योगदान पुगेको छ ।

## ५.७ वरिष्ठ साहित्यकारहरूलाई सम्मान

सु.प.साहित्य समाजले वरिष्ठ साहित्यकारहरूलाई सम्मान गर्दै आएको छ । वि.सं.२०५६ देखि 'सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार' र २०५५ देखि 'प्रतिभा श्री सम्मान हरेक वर्ष १/१ जनालाई प्रदान गर्दै आएको छ । यसरी सम्मान गर्ने कार्यले यस क्षेत्रका साहित्यकारहरूलाई साहित्य सिर्जना प्रति प्रेरणा प्रदान गर्नुका साथै नेपाली साहित्यमा पनि योगदान पुर्‍याएको छ ।

## ५.८ निष्कर्ष

सु.प. साहित्य समाजले यस क्षेत्रका साहित्यकारहरूका विचार आदान प्रदान गर्ने, नवोदित साहित्यकारहरूको प्रतिभा प्रस्फुटन गर्ने र साहित्यिक स्रष्टाहरूलाई एक ठाउमा भेला गराइ सुदूरपश्चिमका परम्परागत एवं सांस्कृतिक मान्यताहरूलाई जगेर्ना गर्ने कार्य गर्दै आएको छ । सु.प. साहित्य समाजले कृति प्रकाशन, सु.प. को क्षेत्रीय भाषाको संरक्षण, साहित्यका माध्यमबाट सामाजिक सुधार, राष्ट्रिय, अन्तराष्ट्रिय सम्मेलन, वरिष्ठ साहित्यकारहरूलाई सम्मान आदि जस्ता कार्य गर्दै आएको छ । सु.प. साहित्य समाजका यस किसिमका कार्यले नेपाली साहित्यमा पनि योगदान पुगेको छ ।

# छैटौं परिच्छेद

## उपसंहार

सुदूर पश्चिमाञ्चल साहित्य समाजको स्थापना २०५१ फागुन ६ गते विधिवत रूपमा भएको हो । यस साहित्य समाजले स्थापनाकालदेखि नै विभिन्न साहित्यिक गतिविधि गर्दै आएको छ । सु.प.विकास क्षेत्रमा रहेका भाषा, साहित्य, कला र संस्कृतिका विभिन्न पक्षहरूको संरक्षण र सम्बर्द्धनका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ । यस क्षेत्रमा रहेको स्रष्टा र साधकहरूलाई प्रेरित र कदर गर्दै आएको छ । प्रस्तुत 'नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान' शीर्षकको शोधपत्रमा सा.स. का विविध किसिमका गतिविधिका बारेमा अध्ययन गरिएको छ । शोधपत्रमा ६ परिच्छेदहरू छन् । प्रत्येक परिच्छेदमा आवश्यकता अनुसार थप उपशीर्षकहरू राखिएको छ ।

प्रस्तुत 'नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान'शीर्षकको शोधपत्रमा पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । शोध परिचय भित्र विषय परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री संकलन विधि, शोधविधि र प्रस्तुत शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको स्थापना, परिचय र विकास प्रक्रिया रहेको छ । यस  क्रममा संस्थाको स्थापना र परिचय, सु.प.साहित्य समाजको कार्यालय र कार्यक्षेत्र, संगठनात्मक स्वरूप, सु.प. साहित्य समाजको विकास प्रक्रिया, संस्थाको उद्देश्य र संस्थाको आर्थिक अवस्था प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा सुदूर पश्चिमाञ्चल साहित्य समाजका महत्त्वपूर्ण साहित्यिक क्रियाकलापहरू रहेका छन् । यस अर्न्तगत सु.प.साहित्य समाजले स्थापनाकालदेखि हालसम्म गरेका साहित्यिक क्रियाकलापहरू क्रमशः प्रस्तुत गर्दै २०६६ साल सम्मका साहित्यिक क्रियाकलापहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा सु.प.साहित्य समाजबाट प्रकाशित कृतिहरूको संक्षिप्त अध्ययन रहेको छ । यस साहित्य समाजबाट प्रकाशित स्मृतिग्रन्थ, साहित्यकार परिचय कोष, गजल सङ्ग्रह, खण्डकाव्य, यात्रा संस्मरण,निबन्ध सङ्ग्रह, मुखपत्रका बारेमा कृतिगत अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान रहेको छ ।

प्रस्तुत शोधपत्रको छैटों परिच्छेद उपसंहार शीर्षकमा शोधकार्यको निष्कर्ष प्रस्तुत गरिएको छ । 'नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान' शीर्षकको यस शोधपत्रमा सुदूरपश्चिमाञ्चल साहित्य समाजले नेपाली साहित्यमा पुऱ्याएको योगदानको आँकलन गरिएको छ ।

सुदूर पश्चिमाञ्चल साहित्य समाज विशेष गरी सु.प.क्षेत्रको साहित्यिक गतिविधिको केन्द्र बनेको पाइन्छ । यस क्षेत्रको साहित्य निरन्तर अग्र दिशामा नै अघि बढिरहेको छ । यस क्षेत्रका साहित्यकारहरूले नेपाली साहित्यका कथा, कविता, गजल, समीक्षा, समालोचना आदि विधामा सक्रिय रूपमा कलम चलाएको देखिन्छ । यस क्षेत्रका साहित्यकारहरू यस क्षेत्रभित्र मात्र सीमित नरही राष्ट्रिय स्तरमा समेत नेपाली साहित्यमा योगदान पुर्‍याएको पाइन्छ । यस क्षेत्रमा सबैभन्दा बढी फस्टाएको विधा कविता र गजल हो । यसका अतिरिक्त कथा, नाटक, निबन्ध जस्ता विधाहरूको लेखन कार्य पनि अघि बढिरहेको पाइन्छ । सुदूर पश्चिमाञ्चल साहित्य समाजबाट प्रकाशित कविता विधामा कलम चलाउने साहित्यकारहरूमा यज्ञराज यात्री, पूर्णानन्द भट्ट, दिनानाथ भट्ट, वासुदेव पाण्डेय, तपराज भट्ट, सुभाषचन्द भण्डारी आदि प्रमुख छन् । गजलमा कलम चलाउने साहित्यकार हरूमा टी.एन.जोशी, अशोक बोहरा, ऋचा लुइटेल, राजेन्द्र थापा, नरेन्द्र भट्ट, तपराज विनाडी, लोक बहादुर चौधरी आदि छन् । कथा विधामा कलम चलाउने साहित्यकारहरूमा पदमराज जोशी, पुष्करराज भट्ट, हेमन्ती जोशी आदि छन् । निबन्ध विधामा कलम चलाउने साहित्यकारहरूमा नृपबहादुर स्वाँर, यज्ञराज यात्री आदि छन् । लोकसाहित्यका क्षेत्रमा देवकान्त पन्त, एकराज भट्ट, पद्‌मराज जोशी 'प्रभात' आदिको योगदान उल्लेखनीय पाइन्छ ।

सु.प. साहित्य समाजले सु.प. क्षेत्रका भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गर्न विविध क्रियाकलाप गर्दै आएको छ । यस क्षेत्रका साहित्यकारहरूलाई एक ठाउँमा भेला गराई सु.प. को परम्परागत र सांस्कृतिक मान्यताहरूलाई बाह्य क्षेत्रसम्म परिचित गराउदै आएको छ । सु.प. साहित्य समाजले हालसम्म साहित्यका विविध विधामा कृति प्रकाशन गरेको छ । विविध लेख, रचना र कृति प्रकाशन गरेर सु.प. सा.स. ले यस क्षेत्रको क्षेत्रीय भाषाको संरक्षण र सम्बर्द्धन गर्दै आएको छ । राष्ट्रिय, अन्तराष्ट्रिय सम्मेलन गर्ने, वरिष्ठ साहित्यकारहरूलाई सम्मान गर्ने जस्ता कार्यले त्यस क्षेत्रका साहित्यकारहरूलाई साहित्य रचना गर्न थप प्रेरणा प्रदान गर्दै आएको छ । विशेष गरि साहित्यकारहरूको जन्म जयन्तीको अवसर पारेर गजल प्रतियोगिता, कविता गोष्ठी आदि साहित्यिक क्रियाकलाप गर्दै आएको छ ।

सु.प.का साहित्यकार र साहित्यप्रेमीहरूले हरेक क्षेत्रबाट साहित्यको गतिविधिलाई निरन्तरता प्रदान गर्दै आएका छन् । यहाँका साहित्यकारहरू आफ्ना साहित्यिक रचना र कृतिमार्फत एकातिर साहित्यको सेवा गर्दै छन् भने अर्कातिर यस क्षेत्रमा रहेका भाषा, कला र संस्कृतिलाई आफ्ना कृति मार्फत पहिचान गराउदै आएका छन् ।

समग्रमा भन्दा सु.प.साहित्य समाजले नेपाली साहित्यको विविध विधामा योगदान पुर्‍याएको पाइन्छ । यो साहित्य समाज निरन्तर गतिशिल अवस्थामा नै अघि बढिरहेको छ ।

सु.प.सा.स.का बारेमा शोधार्थीले थप अध्ययन गर्न चाहेको खण्डमा यी शीर्षकहरूमा शोधकार्य गर्न सक्नेछन् ।

क) नेपालका साहित्यिक संस्थाहरूको सन्दर्भमा सु.प.सा.स.को भूमिका ।

ख) नेपाली कविता, गीत तथा गजलको विकासमा सु.प.सा.स.को योगदान ।

ग) नेपाली साहित्यका अन्य विधाका प्रकाशनमा सु.प.सा.स.को भूमिका ।

घ) नेपाली साहित्यमा 'सुरभि' को योगदान ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, महादेव, **नेपालीहरूका ढुकढुकी स्व.श्री ५ वीरेन्द्र**, २०६० ।

........र अन्य, **नृपबहादुर स्वाँर स्मृति ग्रन्थ,** (कैलाली: सु.प. साहित्य समाज)२०६४ ।

........र अन्य, **देवकान्त पन्त स्मृति ग्रन्थ,** (कैलाली: सु.प. साहित्य समाज) २०५९ ।

........र अन्य, **साहित्यकार परिचय कोष**,(कैलाली: सु.प. साहित्य समाज) २०६० ।

ओझा, जयराज, **सपना** खण्डकाव्य, (कैलाली: सु.प. साहित्य समाज) २०६० ।

जोशी, टी.एन. किशोर, **देश रोएका बेला**, (कैलाली: सु.प. साहित्य समाज) २०६२ ।

थापा, राजेन्द्र, **सूर्जे पनि अस्ताउन मात्रै**, (कैलाली: सु.प. साहित्य समाज) २०६२ ।

बोहरा, अशोक र ऋचा लुइटेल, **बाँसुरीका धुनहरू**, (कैलाली: सु.प. साहित्य समाज) २०५८ ।

भण्डारी, निर्मलकुमार, **सावधान नयाँ युग आउदैछ**, (कैलाली: सु.प. साहित्य समाज) २०६० ।

श्रेष्ठ,प्रिया 'पत्थर', **पत्थरका प्रलापहरू** , (कैलाली: सु.प. साहित्य समाज) २०५९ ।

स्वाँर, नृपबहादुर, **देशभित्र-देशबाहिर**, (कैलाली: सु.प. साहित्य समाज) २०६० ।


**शोधपत्रहरू**


ओझा, लेखनाथ, **नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०६५ ।

पोखरेल, मणिकुमार, **नेपाली साहित्यमा पूर्वाञ्चल साहित्य प्रतिष्ठानको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०५९ ।

अवस्थी, भवानीदत्त, **देवकान्त पन्तको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०५७ ।

**पत्रपत्रिकाहरू**


'वियोगी', 'माधव', 'सुदूर पश्चिमाञ्चलको साहित्यिक गतिविधि' : धनगढीको केन्द्रीयतामा **युगपुकार** (वर्ष २ अङ्क ३, २०६२)

सुदूर पश्चिम्माञ्चल साहित्य समाज, कैलाली **सुरभि** (वर्ष १ अङ्क १ २०५२) ।

............ (वर्ष १ अङ्क २, २०५२) शरदाङ्क ।

............ (वर्ष २ अङ्क २ पूर्णाङ्क ३) २०५३, प्रथम अर्धवार्षिक ।

............ (वर्ष २ अङ्क २ पूर्णाङ्क ४) २०५४, द्वितीय अर्धवार्षिक ।

............ (वर्ष ५ अङ्क ५ २०५६), दशै दीपावली ।

............ (वर्ष ६ अङ्क ६ २०५७), दशै दीपावली ।

............ (वर्ष ७ अङ्क ७ २०५९), वैशाख ।

............ (वर्ष ९ अङ्क ८ २०६१), गौरा विशेष ।

सुदुर पश्चिमाञ्चल साहित्य समाज विधान २०५१ (संशोधन २०५६) ।